का.जि.प्र.का.द.नं. १००/०५९/६०

- वर्ष १८, अंक ३२
- १९ फागुन २०७६, सोमबार
- 2 March 2020, Monday

www.madhyanhadaily.com

पृष्ठ १२ मूल्य रु. ५/-

# मध्यान्ह

Madhyanha National Daily

राष्ट्रिय दैनिक

# सात वर्ष, पाँच आक्रमण

## प्रचण्डको सुरक्षार्थ ३७ सुरक्षाकर्मी, आफ्नै पूर्व कार्यकर्ताबाट जुत्ता प्रहार

**नेकपाका कार्यकारी अध्यक्ष पुष्पकमल दाहाललाई सात वर्षको अवधिमा पाँच पटक आक्रमण भएको छ । २०६९ मंसिर एक गते प्रचण्डलाई बाग्लुङका पदम कुँवरले थप्पड हानेका थिए ।**



प्रचण्डलाई जुत्ता प्रहार गर्ने तिरुवालाई नियन्त्रणमा लिंदै प्रहरी

- २०७६ फागुन १८: राष्ट्रियसभा गृहमा जुत्ता प्रहार
- २०७२ साउन ४: सिराहामा ढुंगामुढा र बोतल प्रहार
- २०७० कात्तिक २७: कञ्चनपुरमा बम बिस्फोट
- २०७० कात्तिक ८: सिराहकै मुक्सारमा दुई वटा सकेट बम
- २०६९ मंसिर १: भृकुटीमण्डपमा बाग्लुङका पदम कुँवरले थप्पड हाने

**मध्यान्ह संवाददाता**
काठमाडौं, १८ फागुन

सत्तारुढ दल नेपाल कम्युनिष्ट पार्टी (नेकपा) का कार्यकारी अध्यक्ष पुष्पकमल दाहाल प्रचण्डलाई आइतबार राष्ट्रिय सभागृहमा जुत्ता प्रहारको प्रयास भएको छ । मनमोहन अधिकारी स्मृति फाउण्डेसनले राजधानीको राष्ट्रिय सभागृहमा आयोजना गरेको कार्यक्रमका प्रमुख अतिथि रहेका प्रचण्डलाई दर्शकदीर्घामा रहेका रतन तिरुवाले जुत्ता प्रहार गरेका हुन् ।

कार्यक्रमलाई सम्बोधन गरेर फर्कदै गरेका प्रचण्डलाई जुत्ता प्रहारको प्रयास गर्ने गरिएको थियो । रतनलाई प्रहरीले तत्काल नियन्त्रणमा लिएको छ । पक्राउ परेका रतनविरुद्ध प्रहरीले प्रारम्भिक वयान समेत लिइसकेको छ। रतनले प्रहरीलाई प्रचण्डको भाषणले चित्त नबुझेकाले आक्रमण गरेको बताएका छन् । रतनको बुवा तत्कालीन राज्य पक्षबाट मारिएका थिए। प्रचण्डले शहीद परिवारलाई न्याय दिन नसकेको र प्रचण्डले अहिले पनि भाषणमा वर्गको कुरा गर्दा चित्त नबुझेको रतनले प्रहरीलाई बताएका छन् ।

यो सहित प्रचण्डमाथि आक्रमण गरिएको पाँच पटक पुगेको छ । राष्ट्रिय गृह छेऊकै भृकुटी मण्डपमा सात वर्ष अगाडि प्रचण्डलाई पूर्व कार्यकर्ताले थप्पड हानेका थिए ।

२०७२ साउन ४ गते सिराहामा प्रचण्डमाथि ढुंगामुढा र बोतल प्रहार गरिएको थियो । संविधान निर्माण गर्न सुझाव संकलनका लागि आफू निर्वाचित सिराहा-५, पुगेका प्रचण्डलाई बाँकी पृष्ठ २ मा

# सहमतिको खोजी

**सत्तारूढ दल नेपाल कम्युनिष्ट पार्टी (नेकपा) मा देखिएको विवाद सम्वाद् मार्फत हल गर्न नेताहरू जुटेका छन् । आइतबारको सचिवालय बैठकमा प्रधानमन्त्री केपी शर्मा ओली पनि वामदेव गौतमलाई राष्ट्रिय सभामा पठाउन लचिलो देखिएका छन् ।**



**मध्यान्ह संवाददाता**
काठमाडौं, १८ फागुन

नेपाल कम्युनिष्ट पार्टी (नेकपा) ले अन्ततः उपाध्यक्ष वामदेव गौतमलाई राष्ट्रियसभा सदस्यमा मनोनित गर्न अध्यक्ष केपी शर्मा ओली पनि लचिलो बनेका छन् । नेकपा उच्च स्रोतका अनुसार, प्रधानमन्त्री ओलीले नेता गौतमलाई मनोनयन गर्न लचिलो देखिएका हुन् । गत बुधबारको सचिवालय बैठकको निर्णय बिपरीत प्रधानमन्त्री ओलीले अडान लिए पनि सचिवालयका बहुमत सदस्यले नेता गौतमकै नाम पठाउनुपर्नेमा जोड दिएपछि नेकपामा सहमति जुटेको हो ।

गत हप्ता बसेको नेकपा सचिवालयले सर्वसम्मत रूपमा गौतमको नाममा सहमति जुटाए पनि लगत्तै प्रधानमन्त्री एवं नेकपा अध्यक्ष ओलीले असहमति जनाएका थिए । सिफारिस र नियुक्तिमा सरकार स्वतन्त्र रहेको भन्दै कार्यकाल सकिन लागेको अर्थमन्त्री डा. युवराज खतिवडाको नाम अघि सारेका थिए ।

तर, नेकपाका अर्का अध्यक्ष पुष्पकमल दाहाल, वरिष्ठ नेता झलनाथ खनाल, माधवकुमार नेपालले गौतमलाई नै लैजानुपर्ने मत राखेका छन्। प्रधानमन्त्री केपी ओलीले आगामी बुधबार पुन:मिर्गौला प्रत्यारोपणको जानकारी दिन आइतबार प्रधानमन्त्रीको सरकारी निवासमा बालुवाटामार छलफल राखिएको थियो ।

**संसदमा वामदेव**

गत २०७४ सालमा भएको प्रतिनिधिसभा चुनावमा बर्दियाबाट पराजय भोगेका नेता गौतम सहमतिअनुसार, प्रक्रिया अगाडि बढे संसद पुग्ने पक्का भएको छ । सरकार गठनको २ वर्षे अवधिमा नेता गौतमले पटकपटक संसद जाने प्रयत्न गरिरहेका थिए । जसका लागि उनी डोल्पाका सांसद धनबहादुर बुढालाई राजीनामा गर्न लगाएर सांसद बन्ने योजनामा समेत देखिए । सो योजना सफल नहुने देखेपछि उनी काठमाडौं क्षेत्र नं. ७ बाट विजयी भएका रामबिर मानन्धरलाई राजीनामा गराएर उपनिर्वाचनमा जाने होडमा समेत लागेका थिए ।

तर, सामाजिक सञ्जाल र पार्टीकै नेता कार्यकर्ताबाटै आलोचना भएपछि नेता गौतम उक्त निर्णयबाट ब्याक हटेका थिए । तत्पश्चात् पनि उनको संसद जाने तीव्र चाहान रोकिएको थिएन । अन्य क्षेत्रका सांसदहरूसँग पनि आफ्ना लागि सिट खाली गराउन उनी प्रयत्नरत थिए । जसका लागि उनी नेकपाका तत्कालीन पर्यटनमन्त्रीको हेलिकप्टर दुर्घटनामा ज्यान गुमेपछि रिक्त रहेको कास्की क्षेत्र नं २ मा समेत उठ्न तत्पर देखिए । तर, पार्टीभित्र सो विषयमा सहमति नजुटेपछि उनी पुन ब्याक भएका थिए ।

लामो समयको प्रयत्नपछि अन्ततः संसदमा पुग्न लागेका गौतमको मुख्य उद्देश्य प्रधानमन्त्री बन्नु रहेको कतिपयले समीक्षा गर्दै आएका छन् । आफू प्रधानमन्त्री भए देशमा समाजवाद ल्याउने दावी गर्दै आएका नेता गौतमको दृढ इच्छाकै कारण सचिवालयले संविधान संशोधन गराउने पक्षमा समेत नेकपा देखिएको थियो । राष्ट्रियसभा सदस्य पनि प्रधानमन्त्री बन्न मिल्ने व्यवस्था गराउने तयारीमा देखिएको कार्यदल पार्टीकै नेता कार्यकर्ता र जनमानसबाट विरोध आएपछि ३ सदस्यीय कार्यदल भंग भएको थियो । तर, गौतमकै ढिपी र दवावका कारण अन्तत उनी राष्ट्रियसभा सदस्य बन्ने भएका हुन् ।

## बुधबार पुनःप्रत्यारोपण



**काठमाडौं/मस-** १३ वर्ष अगाडि मिर्गौलाको प्रत्यारोपण गराएका प्रधानमन्त्री केपी शर्मा ओलीको बुधबार पुन:प्रत्यारोपण गरिने भएको छ। आइतबार बसेको नेकपा सचिवालय बैठकमा प्रधानमन्त्री ओलीले बुधबार पुन:प्रत्यारोपणमा जाने जानकारी दिएका हुन् ।

सचिवालय बैठक पछाडि नेकपाका प्रवक्ता नारायणकाजी श्रेष्ठले प्रधानमन्त्री ओलीको पुन:प्रत्यारोपणको तयारी ९९ प्रतिशत पूरा भएको बताए । उनले भने, "सोमबारबाट प्रधानमन्त्री ओली अस्पताल भर्ना हुनुहुनेछ ।" प्रधानमन्त्री ओली पाँच दिन अस्पताल बस्ने जनाइएको छ। १३ वर्ष अगाडि भारतमा मिर्गौला प्रत्यारोपण गराएका प्रधानमन्त्री ओलीले यसपटक भने शिक्षण अस्पतालमै पुन:प्रत्यारोपण गराउने भएका हुन् । गत बिहीबार मात्रै प्रधानमन्त्री ओलीले पाँच दिन अस्पतालमा बस्ने र तत्कालै नियमित काममा फर्कने बताएका थिए ।

प्रधानमन्त्री ओली अहिले पनि दैनिक १७-१८ घण्टा काम गरिरहेका छन् । त्यस दिन बागमती प्रदेश कमिटीले गरेको पहिलो प्रशिक्षण कार्यक्रमलाई प्रमुख अतिथिका रुपमा सम्बोधन गर्दै बिरामी सामान्य भएको प्रतिक्रिया दिएका थिए ।

## संसदीय टोली खाडी मुलुकको दौडाहमा

# ओमान पुगेर घरेलु कामदारबारे अध्ययन

**मध्यान्ह संवाददाता**
काठमाडौं, फागुन १८

प्रतिनिधिसभाको उद्योग तथा वाणिज्य र श्रम तथा उपभोक्ता हित समिति नेतृत्वको टोलीले ओमानमा रहेका घरेलु कामदारबारे अध्ययन थालेको छ ।

शनिबार ओमान पुगेको समिति सभापति विमलप्रसाद श्रीवास्ताव नेतृत्वको टोलीले त्यहाँ रहेका कामदारबारे अध्ययन थालेको हो । टोलीमा राष्ट्रिय मानव अधिकार आयोग, श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयसँगै परराष्ट मन्त्रालयका कर्मचारीसहित ९ सदस्य सहभागी छन् ।

खाडीक्षेत्र भ्रमण गरेको तत्कालीन व्यवस्थापिका संसद्को श्रम तथा अन्तर्राष्टिय सम्बन्ध समितिले घरेलु कामदार पठाउन प्रतिबन्ध लगाउन सुझाव दिएको थियो। समितिको यस्तो सुझावपछि सरकारले ०७३ चैत २० देखि द्विपक्षीय श्रम सम्झौताबिना घरेलु कामदार पठाउन रोक लगाएको थियो। त्यसयता नेपालबाट वैधानिक रूपमा घरेलु कामदार खाडी मुलुक जान पाएका छैनन् ।

घरेलु कामदारमाथि प्रतिबन्ध लागेपछि फुकुवा गर्नुपर्ने आवाज चर्को रूपमा उठ्दै आएको छ। यही घटनाक्रमबीच संसदीय संसदीय टोली ओमन, साउदी अरब र संयुक्त अरब इमिरेट्सको अध्ययनका लागि निस्किएको हो । कोरोना भाइरसका संक्रमण देखिएपछि नेपाली टोली कुवेत भने नजाने भएको छ । कुवेत धेरै नेपाली कामदार कार्यरत मुलुकमध्ये एक हो । यहाँ खाडीका ६ मुलुकमध्ये सबैभन्दा बढी समस्या रहेको बताइन्छ ।

गत भदौ १९ गते नेपाल सरकारबाट श्रमस्वीकृति लिएर गएका घरेलु कामदारलाई पहिलेकै रोजगारदाताकोमा जाने सुनिश्चित भएमा मात्र पुन: श्रमस्वीकृति दिने शर्तमा प्रतिबन्ध आंशिक रूपमा खुला गरिएको थियो। नेपालले प्रतिबन्ध लगाएपछि अवैधानिक बाटो भई खाडीका विभिन्न देशमा गएका घरेलु कामदारहरू माथिको प्रतिबन्ध फुकुवा भएको छैन। नेपाल आएपछि पुन: रोजगारीमा जान अनुमति नपाउने भएपछि अवैध बाटो हुँदै गएकाहरू अत्यावश्यकीय काम पर्दासमेत घर आउन सकिरहेका छैनन । विगतमा श्रम स्वीकृति लिएर कुवेत गएका कतिपय नेपाली महिलाहरू पछि साउदी पुऱ्याएर बिचल्लीमा पर्ने गरेको दृष्टान्तहरु पनि देखिएका थिए । घरेलु महिला कामदारहरुको राहदानी, कम्पनी तथा मालिकको कब्जामा पर्ने, आरामबिना लामो समय काम गराउने, घुमफिरमा रोक, तलब नदिने, शारीरिक एवं मानसिक शोषण, डर त्रास एवं धम्कीपुर्ण अवस्थामा बाध्यात्मक श्रमिकको रूपमा काम गर्नुपर्नेजस्ता अत्याचार सहनुपर्ने बताउने गरेका छन् ।

**वैदेशिक रोजगार विशेष**

## सतर्कता अपनाउन दूतावासको आग्रह

**काठमाडौं/मस-** कतारस्थित नेपाली दूतावासले कोरोना संक्रमणप्रति सचेत रहन त्यहाँ रहेका नेपालीहरूलाई आग्रह गरेको छ ।

चीन उद्गम भएर विश्वव्यापी रूप लिइरहेको कोरोना कतारमा समेत भेटिएपछि त्यहाँस्थित नेपाली दूतावासले नेपालीलाई सतर्क गराएको हो । दूतावासले जारी गरेको सूचनामा अत्यावश्यक अवस्थाबाहेकमा वार्षिकोत्सव, पिकनिक, सांस्कृतिक कार्यक्रम समापन समारोहलगायत कार्यक्रम नगर्न/नगराउन आग्रह गरेको छ ।

त्यस्तै, सप्तान्तलगायत बिदाका अवसरहरूमा भीडभाड तथा अत्यधिक जमघट हुने स्थानहरूमा नजान पनि दूतावासले सुझाएको छ । यदि जानै परेमा सूचनाबमोजिमको स्वास्थ्य सतर्कता अपनाउन दूतावासले आग्रह गरेको छ । 'नेपाली समूदायले अत्यावश्यक अवस्थाबाहेक विभिन्न अवसरमा आयोजना गर्ने कार्यक्रमहरू हाललाई सञ्चालन नगर्न नगराउनु हुन आग्रह गरिन्छ,' कतारस्थित नेपाली राजदूतावासले आइतबार जारी गरेको सूचनामा भनिएको छ ।

कतार नेपालीको प्रमुख रोजगार गन्तव्य मुलुकमध्ये एक हो। त्यहाँ झण्डै डेढ लाखको हाराहारीमा नेपाली कामदार कार्यरत रहेको अनुमान गरिएको छ । शनिबार त्यहाँ चीनबाट फैलिएको कोरोनाको संक्रमण भेटिएसँगै त्यहाँस्थित दूतावासले सतर्कता सन्देश जारी गरेको हो ।

## लोकतान्त्रिक एशोशिएसनमा सल्लाहकारहरु मनोनयन

**काठमाडौं/मस-** नेपाल लोकतान्त्रिक वैदेशिक रोजगार एशोशिएसनमा ५ सल्लाहकार मनोनित भएका छन् । नरेन्द्रप्रसाद ढकालको अध्यक्षतामा बसेको एशोशिएसनको कार्यसमिति बैठकले संस्थापक अध्यक्ष तिलकबहादुर रानाभाटका साथै कृष्ण पौडेल, दानबहादुर बुढाथोकी, चेतकान्त पुरी र सञ्जय निरालालाई सल्लाहकारमा मनोनयन गरेको हो ।

यसअघि एशोशिएसनको पूर्व अध्यक्षको हैसियतले सुजितकुमार श्रेष्ठलाई एशोशिएसनको सल्लाहकार मनोनयन गरिसकिएको एशोशिएसनका महासचिव भवानी निरौलाले मध्यान्हलाई बताए ।

### कोरोना त्रास

## भोजभतेर नगर्न आह्वान



**मध्यान्ह संवाददाता**
काठमाडौं, १८ फागुन

कोरोना भाइरसको जोखिम रहेको भन्दै सरकारले ठूला जमघट नगर्न आह्वान गरेको छ । आइतबार पत्रकार सम्मेलन गरी स्वास्थ्य तथा जनसंख्यामन्त्री भानुभक्त ढकालले ठूला सभा, सम्मेलन र भोजभतेर नगर्न आह्वान गरेको हो । कोरोना भाइरसको जोखिम बढेको भन्दै धेरै मानिस भेला हुने कार्यक्रम नगर्न ढकालले आग्रह गरेको हो । अप्ठेरो अवस्था आएमा अन्तर्राष्ट्रिय हवाइ उडान पनि रोक्ने र विमानस्थल पुरै बन्द गर्ने कि भन्ने विषयमा पनि छलफल भइरहेको मन्त्री ढकालले बताए । मन्त्री ढकालले कोरोना भाइरसको संक्रमण रोक्न सरकारले तीन चरणको तयारी गरेको बताए । उनले भने, 'पहिलो चरणको तयारी अनुसार आवश्यक सावधानी अपनाउने र नेपाल भित्रिने नाकाहरुमा स्वास्थ्य जाँचको व्यवस्था गरिसकिएको छ, दोस्रो चरणको तयारी अन्तर्गत संक्रमित नेपालीलाई राख्न आवश्यक बेडको व्यवस्था गरिएको छ ।'

मन्त्री ढकालले नेपालमा कोरोना संक्रमणले भयावह रुप लिए सबै अस्पताललाई उपचारका लागि प्रयोग गर्न सकिने बताए । चीनमा कोरोना भाइरसको सकंम्रण घटदै गए पनि कोरिया, खाडी मुलुक र भारतमा कोरोनाको सकंम्रण देखिए नेपालमा भयावह स्थिति आउने ढकालले बताए । उनले भने्, 'छिमेकी देशमाहरुमा अन्तर्राष्ट्रिय उडान कटौती गर्न थालिएको छ । हामीले पनि केही देशसँगको उडान तत्काल कटौती गर्ने विषयमा छलफल गरिरहेका छौं ।'

यसैबीच, सरकारले त्रिभुवन विमानस्थलको स्वास्थ्य कक्षमा थप जनशक्ति र ज्वरो नाप्ने मेसिन राख्ने भएको छ। मन्त्री ढकालका अनुसार थप जनशक्ति र ६ वटा मेसिन राखेर कोरोना संक्रमण देखिएको देशबाट आउने सबै यात्रुको जाँच गरिने छ। यसैगरी मन्त्रालयले तातोपानी र रसुवागढी नाकामा पनि चिकित्सक खटाइएको छ ।

# देउवाको कडा आपत्ति

**मध्यान्ह संवाददाता**
काठमाडौं, १८ फागुन

नेपाली कांग्रेसका सभापति शेरबहादुर देउवाले निवर्तमान सञ्चारमन्त्री गोकुल बाँस्कोटाको अडियोबारे गम्भीर छानबिन गर्न ढिलाइ भएकोमा आपत्ति जनाएका छन् । आइतबार संसदमा विशेष समय लिएर बोल्दै सभापति देउवाले सेक्युरिटी प्रिन्टिङ प्रेस खरीद प्रक्रियामा बाँस्कोटाले ७० करोड कमिसन मागेको अडियो सार्वजनिक भएको एक सातासम्म गम्भीर छानबिन नहुनुमा गम्भीर नियत रहेको बताए। उनले भने, 'हामीलाई कति आउँछ भनेर सोधेको अडियोमा प्रष्ट सुनिन्छ। म सम्माननीय प्रधानमन्त्रीलाई सोध्न चाहन्छु, हामी भनेर कसलाई भनेका हुन् ? हामीमा कोको पर्छन् प्रष्ट गर्नुस् ।'

सम्बन्धित निकायले छानबिन गर्नुअघि नै प्रधानमन्त्रीले अडियो नक्कली भनेकोमा समेत उनले आपत्ति जनाए। देउवाले भने, 'यसले छानबिन प्रभावित हुन्छ कि हुँदैन ? छानविन हुनुभन्दा पहिले नै तपाईंले निर्णय दिनुभयो भने तपाईंको बोलीको विश्वसनीयता कमजोर भएन ?' बाँस्कोटाको अडियो प्रकरणबाट ध्यान मोड्न नेपाल ट्रष्टको श्वेतपत्र ल्याएको देउवाको आरोप छ। आफ्नो संलग्नतामा मन्त्रिपरिषद्बाट नेपाल ट्रष्टको जग्गा जिलमा दिने कुनै निर्णय नभएको उनले बताए । 'राजनीतिक पूर्वाग्रहका साथ मेरो नाम जोडेकोमा गम्भीर आपत्ति छ' कांग्रेस सभापति देउवाले भनेका छन् ।

ट्रष्टका अध्यक्ष एवं उपप्रधानमन्त्री तथा रक्षामन्त्री ईश्वर पोखरेलले मंगलबार सार्वजनिक गरेको श्वेतपत्रमा ताहाचाल सोल्टी आउटर कम्प्लेक्सको जग्गा यती समूहको थामसेर्कु ट्रेकिङलाई लिजमा दिने प्रस्ताव स्वीकृत गर्दा तत्कालीन प्रधानमन्त्री शेरबहादुर देउवा ट्रष्टको संरक्षक र गृहमन्त्री जनार्दन शर्मा अध्यक्ष रहेको उल्लेख गरिएको थियो ।

तु-आवश्यकता

एक प्रतिष्ठित मेनपावरको लागि निम्न पदमा अनुभवी कर्मचारी आवश्यक परेकोले इच्छुक व्यक्तिहरूले तुरुन्त सम्पर्क गर्नुहोला ।

- पी. आर. ओ. - २ जना महिला/पुरुष
- डकुमेन्टेशन- १ जना महिला
- मेनेजर- १ जना

तलब आपसि सहमतिमा

योग्यता +2 Pass भई कम्प्युटर र अंग्रेजीमा दक्ष हुनुपर्नेछ ।
म्यानपावर वा अन्य क्षेत्रमा कम्तिमा २ वर्षको अनुभव हुनुपर्नेछ ।

NIRMAL HR SOLUTION PVT. LTD.
Chandol-4, Saraswati Marg, Kathmandu, Tel.: 4446380
9851008197, E-mail : info@nirmalhrsolution.com

# अठार जनाको टोलीले पूरा गऱ्यो क्वारेन्टाइन बसाई

**काठमाडौं/मस-** कोरोना भाइरस (कोभिड-१९) को उद्गमस्थल चीनको वुहानबाट नेपाली विद्यार्थीलाई उद्धार गरी ल्याउने नेपाल वायुसेवा निगमको जहाजका चालकसहित १८ जनाको टोली क्वारेन्टाइन बसाइँ पूरा गरी आइतबार घर फर्किएको छ ।

नगरकोटको खानेपानी तालीम केन्द्रको क्वारेन्टाइनमा राखिएका नेपाली लिन चीन गएको जहाजका चालकसहित १८ जनाको शनिबार संकलन गरिएको नाक र घाँटीको स्वाब परीक्षणको रिपोर्टमा कोरोना संक्रमण नपाइएपछि उनीहरुलाई क्वारेन्टाइनमा राखिएको १५औँ दिनमा आज अपराह्न ४:३० बजे घर फर्काइएको हो ।

उनीहरुलाई नेपाल वायु सेवा निगमका कर्मचारीसमेत लिन आएका थिए । उनी रहेका १८ जनालाई आइतबार बिदाइ गरी घर फर्काइएको सुरक्षाको नेतृत्व गरिरहेको नेपाली सेनाको




वीरदल गणका गणपति कर्णेल शिव पौडेलले जानकारी दिए । उनले क्वारेनटाइन राख्न हुँदैन भन्दै विरोध गर्ने स्थानीय बासिन्दा आज भने यही आएर बिदाइ गरेको जानकारी दिए।

यसअघि यही फागुन ४ गते नै उनीहरुको नाक र घाँटीको स्वाब नमूना संकलन गरी राष्ट्रिय प्रयोगशालामा परीक्षण गरिएको थियो भने दोश्रो पटक क्वारेन्टाइन बसेको १४औँ दिनमा शनिबार स्वाब नमूना संकलन गरिएको थियो ।

यता खरिपाटीस्थित क्वारेन्टाइनमा राखिएका १७५ जनाको भने अझै रिपोर्ट आएको छैन । शनिबार नाक र घाँटीको स्वाब नमूना संकलन गरी राष्ट्रिय प्रयोगशालामा परीक्षणका लागि लगिएको छ । उनीहरुको रिपोर्ट सोमबारसम्म आउनसक्ने स्वास्थ्य मन्त्रालयले जानकारी दिएको छ ।

धेरै जनाको स्वाब नमूना एकै पटक परीक्षण गर्नुपर्ने भएकाले समय लाग्ने र सबैको रिपोर्टमा कोरोना संक्रमण नभएको आयो भने मात्रै घर फर्काइने भएको हो । मन्त्रालयका अनुसार १७५ जनामध्ये एक जनामा मात्रै कोरोना संक्रमणको लक्षण देखियो भने पनि सबैलाई फेरी अर्को १४ दिन क्वारेन्टाइनमा राख्नुपर्ने हुन्छ । खरिपाटी क्वारेन्टाइनमा स्वास्थ्य परीक्षणमा रहेका नेपाली सेनाका क्याप्टेन डा निवन फुयाँलले अहिलेसम्म क्वारेन्टाइनमा रहेका कसैमा पनि ज्वरो आउने, रुघा लाग्नेजस्ता कुनै लक्षण नदेखिएको बताए ।

# उद्योगका कारण गाउँमा पानी दूषित

**सर्लाही/रासस-** सर्लाहीको हरिवन-५ मा इन्दुशंकर चिनी उद्योग लिमिटेडका कारण जमिनमुनिको पानी दूषित बनेको स्थानीयको आरोप छ । उद्योगबाट निस्कने केमिकलयुक्त फोहर पानी गाउँ नजिकैको लखन्देही खोलामा अव्यवस्थित रुपमा छाड्दा गाउँमा पिउने पानी दूषित भएको हरिवन नगरपालिका-५ का वडाध्यक्ष नागेन्द्र साहले बताए ।

फोहोर पानीका कारण गाउँमा प्रदूषण बढेको भन्दै वर्षौंदेखि स्थानीयवासीले विरोध गर्दै आएका छन् । करिब ६/७ वर्ष हिलादेखि नै गाउँका केही चापाकलमा पहेँलो पानी आउन थालेको स्थानीयवासी अमरलाल तामाङले बताए । 'अहिले गाउँका कुनै पनि चापाकलको पानी पिउन योग्य छैन,' तामाङले भने । सबैजसो चापाकलहरुमा गनाउने पहेँलो रङ्गको धमिलो पानी आउने गरेका कारण आफूहरु शुद्ध पिउने पानी पिउनबाट वञ्चित भएको अमिरिलाल महत्तोले बताए ।



उनका अनुसार अहिले ती चापाकलहरुको पानीले नुहाउँदा जीउमा डाबर आउने र एलर्जी हुने साथै लुगा धुँदा पनि सफा नहुने गरेको छ। क्यान्सरको त्रासका कारण केही समय यता अधिकांश स्थानीयले चापाकलको पानी पिउनै छाडेका छन् । भाँडामा थापेर राख्दा पानीमा पहेँलो तर लाग्ने गरेको उनीहरुको भनाइ छ ।

विसं २०७३ मा गाउँका चापाकलहरुको पानी जाँच गर्दा आर्सेनिक फेला परेको प्राविधिकले बताएका थिए भने आवश्यकभन्दा बढी आर्सेनिक रहेको भन्दै प्राविधिकहरुले चापाकलको पानी पिउनयोग्य नरहेको रिर्पोट दिएको वडाध्यक्ष साहले बताए । तर अन्य विकल्प नहुँदा स्थानीयले चापाकलको पानी प्रयोग गर्न बाध्य भएर पिउन छाडेनन् । जसका कारण अहिले गाउँमा क्यान्सर रोगको सङ्क्रमण देखा परेको छ ।

स्थानीयवासीको विरोधपछि उद्योगले केही वर्षअघि गाउँका केही चापाकलको पानीको नमूना परीक्षणका लागि लगेको थियो । तर, त्यसको रिपोर्ट अहिलेसम्म सार्वजनिक गरिएको छैन । स्थानीयको विरोधपछि उद्योगले गाउँमा ६३ फिट गहिरो ट्युबवेल गाडिदिएको छ । त्यही ट्युबवेलको पानी ३/३ हजार लिटर क्षमताका चारवटा ट्याङ्कीमार्फत गाउँमा वितरण हुँदै आएको छ । तर, स्थानीय उद्योगले राखेको ट्याङ्कीको पानीसमेत खानयोग्य छ भन्नेमा विश्वास छैन । गाउँका ७५ प्रतिशत स्थानीयले उद्योगले राखिदिएको ट्याङ्कीको पानी खाँदैनन् । उनीहरूले जारको पानी किनेर खाने गरेका छन् ।

# कान्छो राष्ट्रिय निकुञ्ज ओझेलमा

**बाके/रासस-** नेपाल सरकारले सन् २०२० लाई पर्यटन वर्षको रुपमा मनाइरहेका बेला पर्यापर्यटनको राम्रो सम्भावना रहेको बाँके राष्ट्रिय निकुञ्जमा भने पर्यटकको चहलपहल खासै बढ्न सकेको छैन । बाघको वासस्थान र जैविक मार्ग संरक्षणको उद्देश्यले २०६७ सालमा स्थापना भएको यस निकुञ्ज जैविक विविधता, दुर्लभ वन्यजन्तुको वासस्थान र बर्दिया राष्ट्रिय निकुञ्ज तथा नेपालगञ्जसँग जोडिएको छ। नेपालको यो कान्छो राष्ट्रिय निकुञ्ज आवश्यक प्रचारको अभावमा ओझेलमा परेकोजस्तो देखिन्छ । यद्यपि यस निकुञ्जलाई सरकारले १०० वटा पर्यटकीय गन्तव्यको सूचीमा ५७ औं स्थानमा राखेको छ ।

सरकारले बाघ संरक्षणका लागि अन्तर्राष्ट्रिय समुदायसँग गरेको प्रतिबद्धताअनुरुप बाघको सङ्ख्या बढाउन यसको वासस्थानको उचित व्यवस्थापन गर्ने उद्देश्यले बाँके, दाङ र सल्यान जिल्लाको ५५० वर्ग किमी कोर र ३४३ वर्ग कि.मि. मध्यवर्ती क्षेत्र गरी जम्मा ८९३ वर्ग कि.मि.क्षेत्र समेटी नेपालको दशौं राष्ट्रिय निकुञ्जको रुपमा यो निकुञ्ज घोषणा गरेको थियो । विसं २०५७ मा पृथ्वीलाई उपहार भनी यस क्षेत्रलाई सरकारले बर्दिया राष्ट्रिय निकुञ्जको पूर्व विस्तारित क्षेत्रको रुपमा घोषणा गरेको थियो । त्यसको १० वर्षपछि २०६७ वैशाख ३० मा सगरमाथा राष्ट्रिय निकुञ्जको कालापत्थरमा बसेको मन्त्रिपरिषद्को बैठकले यस निकुञ्ज स्थापनाको निर्णय गरेको र २०६७ असार २८ गते राजपत्रमा सूचना प्रकाशित गरी यसको औपचारिक स्थापना गरिएको थियो ।

निकुञ्जको पूर्वी सिमाना शिवखोला, पश्चिम बर्दिया राष्ट्रिय निकुञ्ज, खाता जैविक मार्ग तथा राष्ट्रिय र सामुदायिक वन हुँदै भारतको कतर्नियाघाट वाइल्ड लाइफ सेन्चरीसँग जोडिएको छ । उत्तरतर्फ चुरे पर्वत र दक्षिणमा पूर्व-पश्चिम राजमार्ग रहेको छ भने दक्षिणमा कम्दी जैविक मार्ग हुँदै भारतको सलेहवा वाइल्डलाइफ सेन्चरी क्षेत्रसँग समेत जोडिएको छ । निकुञ्जमा आवतजावतमा अप्ठेरो पर्ने महोदेवपुरी बोटल नेट क्षेत्र पनि पर्दछ ।

निकुञ्ज तथा मध्यवर्ती क्षेत्रमा पर्यटन प्रवर्द्धनका लागि आवशयक पूर्वाधारसहित वन्यजन्तु विचरण भइरहेको दृश्यावलोकनका लागि विभिन्न स्थानमा टावर निर्माण, जिप सफारी, पैदलयात्रा, हात्ती सफारी आदि सेवा उपलब्ध छन् । बाँके राष्ट्रिय निकुञ्जमा बढीभन्दा बढी पर्यटक भित्र्याउने उद्देश्यले गत पुसको दोस्रो सातादेखि हात्ती सफारी शुरु गरिएको छ । नेपाल भ्रमण वर्ष शुभारम्भको अवसरमा प्रदेश नं- ५ का मुख्यमन्त्री शङ्कर पोखरेलले आन्तरिक पर्यटक बढाउन र विदेशी पर्यटकलाई आकर्षित गर्न हात्ती सफारीले सहयोग पुग्ने बताएका थिए ।

मध्यवर्ती क्षेत्रको विभिन्न क्षेत्रमा स्वदेशी तथा विदेशी पर्यटकलाई लक्ष्य गरी बालापुर, खड्गबार र गाभरमा होमस्टे (घरवास पर्यटन) सञ्चालनमा ल्याइएको छ । निकुञ्जको ओभरी, खड्गबार, बुच्चापुर, गाभर र अगैयाबाट पर्यटकलाई निकुञ्जभित्र प्रवेश गर्ने सुविधा उपलब्ध छ ।

निकुञ्जमा बाघ र हात्तीसहित चित्तल, जरायो, लगुना, बँदेल, नीलगाई, चितुवा, भालुलगायतका जनावर छन् । यहाँ जैविक विविधताको दृष्टिले आठवटा पारिस्थितिकीय प्रणाली, १२४ वनस्पति प्रजाति, ३२ प्रजातिका स्तनधारी, ३०० भन्दा बढी प्रजातिका पन्छी, ५८ प्रजातिका माछा, ३२ प्रजातिका स्तनधारी, २२ प्रजातिका सरीसृप तथा छ प्रजातिका उपयचरहरु पाइन्छन् । सालक, हुँडार, चौका, जङ्गली हात्ती र पाटेबाघजस्ता संरक्षित स्तनधारी वन्यजन्तु, कालो गरुड र राजधनेशजस्ता पन्छी र अजिङ्गर, सुनगोहोरोजस्ता संरक्षित घस्रने वन्यजन्तु रहेका छन् । यस क्षेत्रमा ११ प्रजातिका दुर्लभ तथा सङ्कटापन्न स्तनधारी र ५० प्रजातिका अन्तर्राष्ट्रियस्तरमै दुर्लभ मानिएका पन्छी अभिलेख गरिएका छन् । बर्दिया राष्ट्रिय निकुञ्जसँग पनि जोडिएको हुँदा ठूला वन्यजन्तुका लागि यो महत्वपूर्ण वासस्थान पनि हो ।

बाँके राष्ट्रिय निकुञ्ज बाघका लागि उपयुक्त थलो बन्दै गएको छ । निकुञ्जमा खानेपानी, उचित व्यवस्थापन भएपछि बाघको सङ्ख्या बढेको निकुञ्जले जनाएको छ । निकुञ्ज कार्यालयका अनुसार सन् २०१३ मा चारवटा बाघ रहेकामा सन् २०१८ मा २१ वटा वयस्क बाघ पुगेको छ । बाघका लागि आहारविहार, बस्ने ठाउँ आदिको व्यवस्था गरेपछि बाघको सङ्ख्यामा उल्लेख्य वृद्धि भएको छ निकुञ्जका प्रमुख संरक्षण अधिकृत प्रमोद भट्टराईले भने ।

नेपालले व्यक्त गरेको प्रतिबद्धताअनुसार बाघको सङ्ख्या सन् २०२२ सम्ममा २५० पुऱ्याउन सकिने उनी बताउँछन् । पछिल्लो आँकडाअनुसार नेपालमा बाघको सङ्ख्या २३५ छ ।

यस निकुञ्जभित्र पूर्व-पश्चिम क्षेत्रमा ७२ किलोमिटर र कोहलपुर-बबई रत्न राजमार्गमा ३० किलोमिटर पर्ने हुँदा वन्यजन्तु सडक वारपार गर्ने क्रममा दुर्घटनामा पर्ने समस्या रहेको छ । सुक्खा क्षेत्र भएका कारण निकुञ्जका जनावर पानी पिउन राप्ती नदी किनारामा पुग्ने गर्दछन्। रातको समयमा राजमार्ग पार गर्ने क्रममा उनीहरु सडक दुर्घटनामा पर्ने गरेका छन्। सडकमा जथाभावी फ्याँकिएका खानेकुरा खान जाँदा पनि केही जनावर गाडीको ठक्करले मारिएका छन्, संरक्षण अधिकृत भट्टराईले भने । निकुञ्जमा विगत पाँच वर्षको अवधिमा २६४ जनावर सडक दुर्घटनामा परेर मरेका छन्।

निकुञ्जको तथ्याङ्कअनुसार आव २०७५/७६ मा ४५ वटा, आव २०७४/७५ मा ७२ वटा, आव २०७३/७४ मा ८३, आव २०७२/७३ मा ५०, आव २०७१/७२ मा २४ वटा वन्यजन्तुको मृत्यु दुर्घटनाबाट भएको छ। मृत्यु हुनेमा बँदेल, मृग, खरायो आदि छन् । दुर्घटना मुख्य गरेर सुक्खायाममा बढी हुने गरेको पाइएको छ । गत वर्ष दुर्घटनाको जोखिममा परेका ४३१ वन्यजन्तुको उद्धार गरिएको थियो ।

राष्ट्रिय निकुञ्जको सुरक्षा व्यवस्थाको लागि २०६७ सालदेखि नेपाली सेनाको गोरखदल गणको एक टोलीले सुरक्षा प्रदान गरेको थियो। सोही साल उक्त गण नै यस निकुञ्जमा स्थानान्तरण भई सुरक्षा प्रदान गरेको थियो। २०७४ साउन ७ गतेदेखि श्रीमेहर गण यसको सुरक्षार्थ तैनाथ रहेको छ। हाल करिब ६०० सैनिकले निकुञ्जको सुरक्षा गरिरहेको छ। बांके राष्ट्रिय निकुञ्ज कान्छो निकुञ्ज भएकाले भौतिक पूर्वाधार निर्माण गर्नेदेखि सेनाले चौबिसै घण्टा सेनाको साइकल गस्ती, गाडीबाट पट्रोलिङ गरिरहेको श्रीमेहर गणका प्रमुख सेनानी जीवन शर्मा बताउँछन् । नेपाली सेना, निकुञ्ज र स्थानीयवासीको सहकार्य र समन्वयमा निकुञ्जको सुरक्षा, चोरी शिकारी नियन्त्रणका कार्य सफल भएको उनको भनाइ छ। हाल १५ वटा पोष्टबाट संरक्षण तथा व्यवस्थापनको काम भएको छ । पर्या-पर्यटन प्रवर्द्धनका लागि एउटा पक्की मचान, वन्यजन्तुका लागि ६७ वटा पानीपोखरी निर्माण, आगोलागी नियन्त्रणका लागि पाँचवटा पोखरी निर्माण र हात्तीको सेडघर दुईवटा निर्माण गरिएको छ । चोरी शिकारी हुन नदिन र जनावरको गतिविधि बुझ्न जङ्गलभित्र ठाउँठाउँमा आधुनिक 'क्यामरा ट्रयापिङ्ग' प्रविधि जडान गरी मोबाइल एप्सको माध्यमबाट तुरुन्तै जानकारी लिन सकिने उनी बताउँछन् ।

## सात...

ढुंगामुढा र बोतल हानिएको थियो। त्यसको दुई वर्ष अगाडि २०७० कात्तिक ८ गते र २७ गते दुई पटक आक्रमणको प्रयास भएको थियो । २०७० कात्तिक ८ गते सिराहकै मुक्सारमा दुई वटा सकेट बम फेला परेको थियो भने कात्तिक २७ गते महेन्द्रनगरमा बम बिस्फोट गराइएको थियो । २०६९ मंसिर १ गते भने राष्ट्रिय सभागृहसँग जोडिएको भृकुटीमण्डपको खुला ठाउँमा नेपाल सम्वतको शुभकामना आदान-प्रदान कार्यक्रममा बाग्लुङका पदम कुँवरले थप्पड हानेका थिए ।

# तुइनमा तारेको इन्धनले उपभोक्ताको ढाड सेकिँदै

**जाजरकोट/रासस-** डोल्पा र रुकुमपश्चिम आठबिसकोट नगरपालिकाका बासिन्दालाई यातायात सुविधा दिनका लागि तुइनबाट आधा दर्जन जीप भेरी नदीबाट तारेर सेवा दिइँदै आइएको छ । अहिले ती जीप जाजरकोट-डोल्पा सडकखण्डमा निर्वाध रुपमा सडकमा गुडिरहेका छन् ।



यातायातका साधन तुइनमा तारे पनि यस सडकखण्डमा इन्धनको डिपो नहुँदा दैनिक तुइनबाटै इन्धन भरिएका ड्रमहरु ओसारिँदै आइएको छ । सल्यानको सल्लीबजारमा मात्र रहेको इन्धनको डिपो जाजरकोट सदरमुकाममा समेत छैन । डिपो नहुँदा गाडी चलाउनका लागिसल्लीबजार अर्थात बजारमा राखिएको मिसावटयुक्त इन्धन प्रयोग गर्नुपर्ने बाध्यता रहेको यातायात व्यवसायी बताउँछन् ।

गाउँ-गाउँमा सञ्चालनमा रहेका यातायातका साधन चलाउनका लागि मानिसले पिठ्युमा बोकेर लैजानुपर्ने बाध्यता रहँदै आएको छ। यसरी बोकेर ल्याइएको इन्धन रु २० देखि ३० सम्म महङ्गो पर्ने यातायात व्यवसायी नवराज सिंहले जानकारी दिए। व्यवसायीले ड्रम र जर्किनमा भरेको इन्धन गाडीमा प्रयोग गर्नको विकल्प नरहेको उनको भनाइ छ ।

तीन तहका सरकारको पहलमा जाजरकोट, रुकुम र डोल्पाका विभिन्न भागमा सयौं किलोमिटर सडक निर्माण भई यातायातका साधन सञ्चालनमा छन् । जाजरकोट-डोल्पा, जाजरकोट-जुम्ला र मध्यपहाडी लोकमार्गसमेत जाजरकोटबाटै भएर जाने गर्दछ । सडक निर्माणको काम पूरा भएपछि स्थानीय बासिन्दाको गाडी चढ्ने सपना त पूरा भयो तर इन्धनको चर्को मुल्यका कारण भाडादर चर्को हुँदा यात्रु मारमा पर्दै आएका छन्।

गाउँमै गाडी चलाउन त पाइएको छ तर जीपमा प्रयोग हुने इन्धन नदी पार गराउन कम्ती सास्ती छैन । यातायात व्यवसायी धनबहादुर रावतले भने, 'नदीमा गाडी जाने पुल छैन, ड्रममा बोकेको इन्धनले गाडी सञ्चालन गर्नुपर्ने बाध्यता छ, सडकको ट्र्याक खोल्ने क्रममा प्रयोग गरिएको इन्धन पनि तुइनबाटै नदीपारि पठाइएको थियो ।'

सडक निर्माण गरे पनि भेरी नदीमा पुल नहुँदा तुइनकै भरमा सबै काम हुँदै आएको छ। फलामको लहरोमा जोडिएको तुइनबाट गाडीदेखि इन्धन ओसारिँदै आइएको छ । यसरी वारपार गर्दा रु ५० हजारभन्दा बढी खर्च हुने गरेको छ। भेरी नदीको तुइनमा तीन वर्षअघि जीपहरु तारिएको थियो ।

अहिले पनि दैनिक तुइनमार्फत यातायातका साधनदेखि अन्य सामग्री सारिँदै आइएको डोल्पा त्रिपुरासुन्दरीका धनबहादुर खत्रीले बताए । जाजरकोट, डोल्पा र रुकुम जिल्लामा सडक निर्माणको कामदेखि स्थानीय तह हुँदै जिल्लाका सरकारी कार्यालयमा प्रयोग हुने सबै इन्धनका बोकेर ल्याएर प्रयोगमा आइरहेको छ ।

तीन जिल्लामा छैन इन्धनको डिपो जाजरकोट, रुकुमपश्चिम र डोल्पामा इन्धन प्रयोग गर्ने डिपो नहुँदा समस्य हुँदै आएको छ। सल्यानको सल्लीबजारमा रहेको नेपाल आयल निगमको डिपोबाट तीन जिल्लाको काम हुँदै आएको छ। सोही डिपोबाट खरिद गरी ल्याइएको इन्धन स्थानीय व्यापारीले पसलमा राखेर जोखिमपूर्ण तरिकाले व्यापार गर्दै आएका छन्।

दुई वर्षअघि जाजरकोट सदरमुकामको बसपार्कमा इन्धन भण्डारण गरी राखिएको घरमा आगलागी हुँदा जनधनको ठूलो क्षति भएको थियो । त्यस्तै समय-समयमा इन्धन अभाव हुँदा यो क्षेत्रमा सञ्चालन हुने यातायातका साधनदेखि विकास निर्माणका कामसमेत ठप्प हुने गरेका छन्।

# बिजुली बजार पुलमा आकर्षक बत्ती जडान गरिने

**काठमाडौं/मस-** बिजुली बजारमा नयाँ प्रविधिको प्रयोगगरी निर्माण गरिएको पुल (आर्क एण्ड ब्रिज) सम्पन्न भएसँगै यसमा आकर्षक बत्ती जडान गरिने तयारी भएको छ । यो पुल टिकाउसँगै शहरी क्षेत्रमा हेर्दा आकर्षकसमेत हुने भएकाले बत्ती आकर्षक नै राख्ने तयारी भइरहेको काठमाडौं उपत्यका सडक विस्तार आयोजनाले जनाएको छ ।

सडकका दुवैतर्फ निर्माण भएका दुवै पुलको माथिल्लो भाग (आर्क) मा धेरै वटा सुन्दर बत्ती जडान हुने इञ्जिनीयर लक्ष्मण देवकोटाले बताए । ती बत्तीले टाढाटाढासम्म प्रकाशसमेत दिने उनले बताए। पुल निर्माणका लागि ठेक्का सम्झौता हुँदा डिजाइनमा सामान्य बत्ती उल्लेख भए पनि अहिले त्यसका सट्टा आकर्षक बत्ती जडान गर्न लागिएको हो । उनले भने, 'बत्ती जडानकै लागि निर्माण कम्पनीसँग छलफल भइरहेको छ।'

निर्माण व्यवसायी आफैँले डिजाइन गरेकोमध्ये एउटा पुल गत वर्ष नै सम्पन्न भइसकेको थियो भने अर्को पुल अघिल्लो महिना निर्माण सम्पन्न भएर सञ्चालनमा आएको छ। निर्माण व्यवसायीसँग भएको सम्झौतानुसार बत्ती जडानसँगै पुलमा रङ्गरोगनको काम बाँकी रहेको इञ्जिनीयर देवकोटाले बताए ।

यो पुल निर्माणका लागि विसं २०७१ पुसमा ठेक्का सम्झौता भएको आयोजनाले जनाएको छ । जेइ कन्स्ट्रक्सन प्रालिले पुल निर्माण गरेको हो। पुल तीन वर्षमा सक्नेगरी पहिलोपटक ठेक्का सम्झौता भएको थियो । डिजाइनमा लामो समय लागेको र समयमा निर्माणस्थलमा रहेका संरचना हटाउन नसकिएकाले पुल सम्झौता अवधिमा सम्पन्न हुन सकेको थिएन । एक वर्ष थप्दा काम सम्पन्न हुने भन्दै आयोजनाले गरेको सिफारिसमा सरकारले अवधि थपेको थियो । सो पुलको चौडाइ १२ मिटर र लम्बाइ ५१ दशमलव ४५ मिटर छ ।

# कर्मचारीको अनुशिक्षण कार्यक्रम सम्पन्न

चितवन/मस- राष्ट्रसेवक कर्मचारीका लागि सकारात्मक चिन्तन र अभिप्रेरणात्मक अनुशिक्षण कार्यक्रम सम्पन्न भएको छ । कर्मचारी मिलन केन्द्रको आयोजनामा आइतबार यहाँ सम्पन्न कार्यक्रममा पूर्वसचिव कृष्णहरि बाँस्कोटाले प्रशिक्षण दिएका थिए ।

बाँस्कोटाले कर्मचारीको इमान्दारिता र लगनशीलताले लक्ष्यमा पुऱ्याउन सहयोग पुग्ने बताए । कर्मचारीमा इमान्दारिता र लगनशीलता नभए देशले समृद्धि प्राप्त गर्न नसक्ने उनको भनाइ थियो । उनले भने, 'कर्मचारीको लगनशीलताले मात्र देशले समृद्धि प्राप्त गर्न सक्छ ।' कर्मचारी जनताको सेवक भएका कारण जनतालाई उच्च प्रथामिकतामा राखेर काम गर्न जरुरत रहेको उनले बताए ।

सेवाग्राहीलाई सेवा प्रदान गर्दा सकारात्मक सोचका साथ गर्नु आवश्यक रहेको भन्दै उनले कर्मचारीलाई नकारात्मक सोच हटाउन आग्रह गरे । व्यक्तित्व विकासमा पनि सकारात्मक सोचले सहयोग गर्ने उनले बताए। कार्यक्रममा प्रमुख जिल्ला अधिकारी नारायणप्रसाद भट्टराई, कर्मचारी मिलन केन्द्र जिल्ला शाखा अध्यक्ष महेन्द्र प्रसाद पोखरेलगायतले बोलेका थिए ।


## साउदीमा रोजगारको अवसर

कम्पनी: ALFAYZIYYA CO. LTD
शहर : SAUDI

पूर्व स्वीकृत मिति: २०७६/११/१८ | चलानी नं.: ६०१५२७६७ | LT. No.: 234153

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Labour | 27 | 0 | स. काममा दक्ष | 1000 | ३०,७१० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय, काठमाडौंमा फागुन २६ गते (9 March 2020) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | कामदार आफैले | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | कामदार आफैले | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | रु. १०,०००/- कामदारले तिर्ने |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिषा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिन नियोगको सम्पर्क ठेगाना र फोन नं: हरू साथमा राख्नुहोला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सुचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रो साग पदेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नुहोला । ६. काममा विदेश जादा नेपालकै विमानस्थल प्रयोग गर्नुहोला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नुहोला ।

श्रम इजाजत पत्र नं. १०३३/०७१/०७२

**Rove International Pvt. Ltd.**
P.O.Box No.: 10472, Tilganga-9, Shambhumarga, Kathmandu, Tel: 4486922, 4486952
Fax: 4474184, Mob.: 9841769830, 9851122689, E-mail : info@roveintl.com, rove35@yahoo.com, Web.:roveintl.com

# 'पेट्रोलियम पदार्थमा लगाइएको कर फिर्ता लिनुपर्छ'

**काठमाडौं/मस-** समाजवादी पार्टीकी सरिता गिरीले सरकारले पेट्रोलियम पदार्थमा कर बढाएर मूल्यवृद्धि गर्न खोजको बताएकी छिन् । आइतबारको प्रतिनिधिसभा बैठकमा बोल्दै सांसद गिरीले यस विषयमा सर्वपक्षीय छलफल गरेर मात्रै निर्णयमा पुग्नुपर्ने उल्लेख गर्दै पेट्रोलियम पदार्थमा कर लगाउने सरकारको निर्णय तत्काल फिर्ता लिन माग गरिन् । 'सरकारले संसद्को अधिकार कुण्ठित गरेको छ,' गिरीले भनिन्, 'कुनै पनि वस्तुमा कर लगाउने मन्त्रिपरिषद्को अधिकार होइन, कर संसद्ले मात्र लगाउन सक्छ ।'

पूर्वाधार करले अप्रत्यक्षरुपमा मूल्यवृद्धि हुने जिकिर गर्दै उनले राजस्व संकलनको लक्ष्य हासिल गर्न नसक्ने भएकाले सरकारले इन्धनमा थप कर लगाएको आरोप लगाइन् । 'पूर्वाधार कर सरकारले फिर्ता लिनुपर्छ,' उनले भनिन्, 'दोहोरो करको मारमा जनतालाई पार्नुहुँदैन ।' यही फागुन १२ गते बसेको मन्त्रिपरिषद् बैठकले डिजेल, पेट्रोल र हवाई इन्धनमा प्रतिलिटर रु १० पूर्वाधार कर लिने निर्णय गरेको थियो ।



बैठकमा प्रधानमन्त्री केपी ओली भने अनुपस्थित थिए । संसदीय मान्यता अनुसार प्रधानमन्त्री बोल्दा विपक्षी दलको नेता र विपक्षी दलको नेता बोल्दा प्रधानमन्त्री उपस्थित हुने परम्परा छ ।

### विधेयक स्वीकृत

यसैबीच प्रतिनिधिसभाले 'संघ प्रदेश र स्थानीय तह (अन्तरसम्बन्ध व्यवस्थापन) विधेयक, २०७६' माथि विचार गरियोस् भन्ने प्रस्ताव स्वीकृत गरेको छ । यही फागुन १५ गते गणपूरक संख्या नपुगेका कारण निर्णयार्थ प्रस्तुत हुन नसकेको उक्त प्रस्ताव आइतबार प्रस्तुत गरिएको हो ।

प्रधानमन्त्री केपी शर्मा ओलीका तर्फबाट कानून, न्याय तथा संसदीय मामिलामन्त्री शिवमाया तुम्वाहाङ्फेले उक्त विधेयक प्रस्तुत गरेकी थिइन् । उक्त प्रस्तावलाई सभामुख अग्निप्रसाद सापकोटाले निर्णयार्थ प्रस्तुत गरेका थिए ।

### गणपूरक सङ्ख्या नपुगेपछि बैठक स्थगित

गणपूरक संख्या नपुगेपछि प्रतिनिधिसभाको आइतबारको बैठक पनि स्थगित भएको छ । सभामुख अग्निप्रसाद सापकोटाले 'नेपाल राष्ट्र बैंक (तेस्रो संशोधन) विधेयक, २०७६' माथि विचार गरियोस् भन्ने प्रस्ताव निर्णयार्थ पेश गर्न लाग्दा नेपाली कांग्रेसका सांसद प्रकाश रसाइलीले गणपूरक संख्या नपुगेको भन्दै नियमापत्ति गरे ।

नेपालको संविधानको धारा ९४ अनुसार कुनै पनि प्रश्न वा प्रस्ताव दर्ता निर्णयार्थ पेश गर्न प्रतिनिधिसभाको एक चौथाइ सदस्य उपस्थित भएको हुनुपर्ने व्यवस्था छ । सो व्यवस्थाअनुसार तीन मिनेट घण्टी बजाई गणपूरक संख्या एकिन गर्दा ६९ सांसद उपस्थित हुनुपर्नेमा ५४ मात्रै उपस्थित भएपछि 'नेपाल राष्ट्र बैंक (तेस्रो संशोधन) विधेयक, २०७६' माथि विचार गरियोस् भन्ने प्रस्ताव स्वीकृत हुन सकेन ।

गणपूरक संख्या नभएपछि कार्यसूचीमा रहेका सबै प्रस्ताव हटाइएको सभामुख सापकोटाले सदनलाई जानकारी गराए । प्रतिनिधिसभाको अर्को बैठक भोलि सोमबार दिउँसो १ बजे बस्नेछ ।

# सेनाको सुपथ मूल्य पसल शुरु

**काठमाडौं/मस-** नेपाली सेनाले बहालवाला तथा भूतपूर्व सैनिक र तिनमा आश्रित परिवारको हितका लागि आइतबारदेखि सुपथ मूल्य पसल सञ्चालनमा ल्याएको छ । कल्याणकारी कोषबाट प्रदान गरिँदै आएको 'सुविधा र सहुलियत' कार्यक्रम विस्तार गर्ने योजनाअनुरूप सेनाले केन्द्रीय क्यान्टिनका रूपमा सैनिक मुख्यालय जङ्गी अड्डा परिसरमा सुपथ मूल्य पसल सञ्चालनमा ल्याएको हो ।



प्रधानसेनापति पूर्णचन्द्र थापाले त्रिपुरेश्वरस्थित सेनाको एमईएसको हाताभित्र सञ्चालनमा ल्याइएको सुपथ मूल्य पसल सञ्चालनको शुभारम्भ गरे । उक्त पसलमा दैनिक अत्यावश्यक खाद्य सामग्रीदेखि जुत्ता, चप्पल, इलेक्ट्रोनिक र खेलकुद सामग्रीसमेत राखिएको छ ।

बहालवाला तथा भूतपूर्व सैनिक र तिनमा आश्रित परिवारको जीवनस्तर उठाउन तथा संगठनसँग पहुँच र प्रभावकारिता विस्तार गर्ने उद्देश्यले सुपथ मूल्यका पसल सञ्चालनमा ल्याएको जनाइएको छ । क्यान्टिनमा प्रारम्भमा रु तीन करोड मूल्य बराबरका सामग्री राखिएको जानकारी दिइयो ।

वार्षिक करिब ४५ हजार ५०० उपभोक्तालाई लक्षित गरी सञ्चालनमा ल्याइएको उक्त पसलबाट वार्षिकरूपमा रु ४० करोड भन्दाबढी कारोबार हुने अपेक्षा गरिएको छ । सैनिक सेवामा करारमा रहेकाले पनि उक्त पसलबाट सेवा लिन सक्ने छन् । सेनाले पृतनास्तरमा क्रमशः सुपथ मूल्य पसल विस्तार गर्दै लैजाने योजना जानकारी दिएको छ । कार्यालय सञ्चालन खर्चका लागि थोक मूल्यमा एक प्रतिशत मात्र मूल्य बढाएर बिक्री गरिने बताइएको छ । यसअघि सेनाले सञ्चालन गर्दैआएको सुन्धरास्थित बसुन्धरा क्यान्टिनबाट गत साउनदेखि बजार भाउभन्दा करिब १० देखि १९ प्रतिशत छुटमा दैनिक उपभोग्य सामग्री बिक्री हुँदै आएको छ । बहालवाला तथा भूतपूर्व सैनिक र तिनमा आश्रित परिवारले उत्पादन गरेका सामानको बजारीकरणको लागि पनि अध्ययन भइरहेको सो अवसरमा जानकारी दिइयो ।

भारत, पाकिस्तान र बंगलादेशमा पनि कर छुटसहितको यस्ता खाले सुपथ मूल्यका पसल त्यहाँका सेनाले सञ्चालन गर्दैआएको बताइएको छ ।

# दोलखा शैक्षिक सम्मेलन हुने



**राजन बस्नेत/मध्यान्ह**
दोलखा १८ फागुन

सामुदायिक विद्यालयको शैक्षिक गुणस्तर सुधारका लागी शिक्षा विकास तथा समन्वय इकाई दोलखाले शैक्षिक सम्मेलन गर्ने भएको छ । दोलखा जिल्लाका ३ सय ४७ समुदायिक विद्यालयका प्रधानाध्यापकहरुको सहभागीता रहने शैक्षिक सम्मेलन फागुन २२ र २३ गते दोलखाको सदरमुकाम चरिकोटको सिमपानी हलमा हुने छ ।

शिक्षा विकास तथा समन्वय इकाई दोलखाका प्रमुख शंकर बाबु श्रेष्ठले पत्रकार सम्मेलन गर्दै ३ सय ४७ समुदायिक विद्यालयका प्रधानाध्यापकहरु, प्रत्येक पालिकामा शिक्षा इकाई हेर्ने वडाअध्यक्ष, पालिकाका शिक्षा शाखाका प्रमुख र पेशागत संघ संगठनका प्रतिनिधिहरुको फागुन २२ र २३ शैक्षिक सम्मेलनमा सहभागिता हुने बताए ।

इकाइ प्रमुख श्रेष्ठले शैक्षिक सम्मेलनमा प्रमुख आतिथ्यता शिक्षामन्त्री गिरिराजमणी पोखरेलले गर्ने जानकारी दिए । दुई दिनसम्म सञ्चालन हुने कार्यक्रममा जिल्लाको समग्र शैक्षिक अवस्था सुधारको बाटो खोजिने उनले बताए ।

यस कार्यक्रमबाट सामुदायिक विद्यालयमा सवलीकरण क्षेत्र पहिचान गरी सवलीकरण हुने समन्वय ईकाईले जनाएको छ । प्रधानाध्यापकहरुको नेतृत्व क्षमता अभिवृद्धि गरी विद्यालय तहको शिक्षामा भएका नविनतम विषयमा जानकारी गराइने छ । विद्यालय तहको शैक्षिक गुणस्तर र सिकाई उपलब्धीमा सुदृढीकरण गर्नु र विद्यालय तथा स्थानीय तहमा आगामी शैक्षिक योजना बनाउन थप मद्दत पुऱ्याउनु यस कार्यक्रमको उद्देश्य रहेको ईकाईले जनाएको छ ।

जिल्लामै पहिलो पटक हुन लागेको शैक्षिक मेलामा शिक्षा क्षेत्रका शिक्षाविद्हरुको प्रस्तुति रहनेछ । देशकै नमुना विद्यालयका प्रधानाध्यापकहरुले समेत कसरी नमुना विद्यालय बनाउन सकिन्छ भन्ने अनुभव आदनप्रदान समेत इकाईका प्रमुख श्रेष्ठले जानकारी दिए ।

# प्रिमनसुन शुरु



**काठमाडौं/मस-** यस वर्षको प्रि-मनसुन शुरु भएको छ । मार्च, अप्रिल र मेसम्म तीन महिना प्रि-मनसुन चल्ने भएकाले देशका पहाडी भू-भागको मौसम अपराह्न तथा साँझपख लगाातर प्रभावित भइरहने जल तथा मौसम पूर्वानुमान महाशाखाले जनाएको छ ।

प्रि-मनसुनको प्रवृत्ति दिनमा घाम लाग्ने र अपराह्न तथा साँझपख मेघगर्जनसहित श्रणिक वर्षा हुने मौसमविद् समिर श्रेष्ठले बताए । 'जाडो महिना सकिए लगतै स्थानीय वायुको प्रभाव पर्न थालेकाले प्रि-मनसुन शुरु भएको हो,' उनले भने । तापक्रम बढ्न थालेकाले पनि यसको प्रभाव देखिएको बताइएको छ ।

प्रि-मनसुनको अवधिमा दिनभर घाम लाग्ने र अपराह्न तथा साँझपख पहाडी भू-भागमा हावाहुरी मेघगर्जन तथा चट्याङसहित फाटफुट वर्षा हुने औँल्याएको छ । मौसमविद्का अनुसार अंग्रेजी महिना मार्चदेखि शुरु हुने प्रि-मनसुन मेसम्म चल्ने भएकाले पहाडी भेगको मौसम अपराह्न तथा साँझपख प्रभावित भइरहन्छ । पहाडी भेगमा प्रि-मनसुनको प्रभाव देखिए पनि अन्य स्थानमा भने त्यसको असर पर्ने छैन । उक्त समयमा पश्चिमी वायुको प्रभाव स्थानीय वायुसँग जोडिँदा बलियो भएर चट्याङ पर्ने हुन्छ ।

# सुदूरपश्चिममा कोरोना भाइरस जाँच कक्ष



**भीमदत्तनगर/रासस-** सुदूरपश्चिम प्रदेश सरकारले प्राणघातक कोरोना भाइरसको सम्भावित लक्षण जाँचका लागि सुदूरपश्चिमका सात स्थानमा हेल्थ डेस्क स्थापना गरेको छ । प्रदेशको सामाजिक विकास मन्त्रालयले दार्चुला, बैतडी, कैलाली र कञ्चनपुर गरी सात स्थानमा आवश्यक प्रविधिसहित स्वास्थ्यकर्मीको टोली परिचालन गरेको जनाएको छ । प्रदेश सामाजिक विकास मन्त्रालय धनगढीका प्रवक्ता हेमराज खड्काले पश्चिमी सिमानाका र गेटा विमानस्थलमा आवतजावत गर्ने यात्रुको स्वास्थ्य जाँच थालिएको बताए ।

'दार्चुला र बैतडीमा नेपाल-भारत सिमाना र कञ्चनपुरको गड्डाचौकी नाकामा डेस्क सञ्चालनमा आएको छ,' प्रवक्ता खड्काले भने, 'गेटा विमानस्थल, धनगढीको नाका र कैलालीको खङ्गोला नाकामा स्वास्थ्यकर्मीको टोली खटिएर जाँच थालेको छ ।'

उनले सुदूरपश्चिममा जाँच गर्दा हालसम्म कसैलाई पनि कोरोनाको सम्भावित लक्षण नदेखिएको जानकारी दिए । प्रदेश सामाजिक विकास मन्त्रालयले गत माघको तेस्रो साता कोरोना भाइरस प्रतिकार्य तयारीका लागि नीतिगत निणर्यसमेत गरेको थियो । सुदूरपश्चिममा रहेका सरकारी तथा गैरसरकारी अस्पतालमा जाँचका लागि तयारी योजनासमेत बनाउन पहल भएको छ ।

त्यसैगरी कञ्चनपुरको गड्डाचौकी सीमा क्षेत्रमा तैनाथ भारतीय सुरक्षा निकायले पनि नेपालबाट भारत जाने सर्वसाधारणलाई मास्क लगाउन अनिवार्य गर्नुका साथै सीमामा शंकास्पद लक्षण देखिए स्वास्थ्य जाँचसमेत गर्दै आएको छ ।

# बालबालिका अधिकारसम्बन्धी विधेयक पारित

**विराटनगर/मस-** 'प्रदेश नं १ को बालबालिकाको अधिकार सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक, २०७६' माथि विचार गरियोस् भनी प्रस्ताव सर्वसम्मतिबाट पारित भएको छ । प्रदेशसभाको आइतबारको बैठकमा प्रदेशसभा नियमावली, २०७४ को नियम ९३ बमोजिम सामाजिक विकास राज्यमन्त्री जसमाया गजमेरले सो प्रस्ताव सदनमा पेश गरेकी थिइन् ।

विधेयकको सैद्धान्तिक छलफलमा प्रदेशसभा सदस्य कुलप्रसाद साँवाले विधेयकले बालगृह तथा बालआश्रमको विषयमा पनि बोल्नुपर्ने भन्दै विद्यालय तहमा पोषण कार्यक्रम सञ्चालन गर्न विधेयकमा व्यवस्था हुनुपर्ने माग गरे । सदस्य जयराम यादवले विधेयक अत्यन्त राम्रो रहेको र यसबाट बालबालिका लाभान्वित हुने विश्वास व्यक्त गरे । अर्का सदस्य शान्ता पौडेलले तीन वर्षमुनिका बालबालिकालाई पौष्टिक आहारको व्यवस्था भएमा लक्षित वर्ग लाभान्वित हुनेछन् भने ।

यसअघि बैठकको शून्य समयमा सांसदहरुले नोबेल कोभिड-१९ भाइरसबाट आम नागरिकलाई सुरक्षित राख्न प्रदेश सरकारले पूर्वतयारी गर्न तथा विभिन्न सडकको स्तरोन्नतिका लागि ध्यानाकर्षण गराएका थिए । प्रदेशसभाको अर्को बैठक यही फागुन २२ गते अपराह्न १ बजे बस्नेछ ।

# कुसंस्कार नियन्त्रण गर्न सामाजिक जागरण अभियान चलाइने

**काठमाडौं/मस-** महिला, बालबालिका तथा ज्येष्ठ नागरिकमन्त्री पार्वत गुरुङले सामाजिक कुसंस्कार अन्त्यका लागि सरकारले कानूनको परिपालानासँगै सामाजिक जागरण अभियान सञ्चालन गर्ने बताएका छन् । प्रतिनिधिसभामा दर्ता गरिएको 'बोक्सा बोक्सी, दाइजोलगायतका कुरीति तथा एसिड प्रहार जस्ता अपराध कार्यको अन्त्यका लागि विशेष अभियान सञ्चालन गरियोस्' भन्ने सार्वजनिक महत्वको प्रस्तावमाथिको छलफलमा नेकपाका बिन्दा पाण्डेलगायत सांसदको जिज्ञासामा उनले कुसंस्कार नियन्त्रण गर्न सरकारले उचित नीति अख्तियार गर्ने बताए ।



उनले सामाजिक विकृतिको अन्त्य गर्ने कानून निर्माण गर्न सरकार लागि पर्ने बताए । अन्धविश्वास नै जनविश्वास हो भन्ने परम्पराले कुसंस्कार अन्त्य गर्न अप्ठ्यारो परेको उनको भनाइ थियो । सार्वजनिक महत्वको प्रस्तावले आगामी नीति कार्यक्रम र बजेट तयार गर्दा सहयोग पुऱ्याउने उनले बताए । मन्त्री गुरुङले सामाजिक कुरीति र अपराध अन्त्यका लागि छिमेकी देशले अवलम्बन गरेको सकारात्मक प्रयासलाई सरकारले अनुसरण गर्ने बताए ।

उक्त सार्वजनिक महत्वको प्रस्ताव राख्दै सांसद पाण्डेले सामाजिक कुरीति र अन्धविश्वासको विरुद्धमा तीनै तहका जनप्रतिनिधि एकताबद्ध भई अभियान सञ्चालन गर्नुपर्ने बताए । उनले एसिड प्रहार गर्ने अपराधीलाई जन्मकैदको सजाय हुनुपर्ने र उपचारको सम्पूर्ण खर्च तत्काल राज्यकोषबाट व्यहोर्नुपर्ने माग गरे ।

सामाजिक कुरीति र हिंसामा संलग्नमाथि कडा सजाय हुनुपर्ने माग गर्दै पाण्डेले मुलुकी अपराधसंहिता दफा १९३ मा गरिएको व्यवस्था कम भएकाले त्यसको संशोधनको आवश्यकता औँल्याए । उनले सबै प्रकारको महिला हिंसाको अन्त्यले मात्रै 'समृद्ध नेपाल र सुखी नेपाली'को संकल्प पूरा हुने बताए ।

सो प्रस्तावको समर्थक रहेका नेकपाकै नवराज सिल्वालले कानून भए पनि सामाजिक कुरीति रोक्न नसकिएको भन्दै जनचेतनासहितको अभियान जरुरी रहेको बताए । प्रस्तावकै समर्थक रहेका सरिताकुमारी गिरीले दाइजो र तिलक प्रथा समाजको कलंक भएकाले त्यस्ता असामाजिक प्रथा नियन्त्रणका लागि प्रभावकारी कदम जरुरी रहेको बताए ।

### कानूनले मात्रै कुरीति नियन्त्रण हुँदैन

सो प्रस्तावमाथिको छलफलमा भाग लिँदै सांसदहरुले कानूनले मात्रै त्यस्ता अपराध नियन्त्रण हुन नसक्ने भएकाले सामाजिक जागरण जरुरी रहेकामा जोड दिए । कानून भए पनि प्रभावकारी कार्यान्वयन हुन नसक्दा समाजमा महिला हिंसामा बढोत्तरी भएको भन्दै सांसदले जनचेतनाको अभिवृद्धिका लागि अभियान चलाउनुपर्ने बताए ।

महिला हिंसामा संलग्नलाई कडा कारवाही गर्नुपर्ने, तीनवटै सरकारको सहकार्यमा महिला हिंसा न्यूनीकरण गर्न पहल गर्नुपर्ने उनीहरुको धारणा थियो । यस्तै खुलमखुल्ला बिक्री भइरहेको एसिडका कारण महिलामाथि हिंसा बढेको भन्दै ज्वलनशील पदार्थको बिक्री वितरणको प्रभावकारी मापदण्ड बनाई कार्यान्वयनमा ल्याउन सरकारको ध्यानाकर्षण गराए ।

एसिड प्रहारमा संलग्नलाई कारवाही गरेर जेल पठाए पनि पीडितलाई समाजमा पुनःस्थापना गर्नेतर्फ सरकारले ध्यान नदिएको भन्दै उनीहरुले आपत्ति जनाए ।

### सांसद र मन्त्रीले नै दाइजो लिए

सांसद तथा मन्त्रीले नै दाइजोमा आएको भन्दै सम्पत्ति विवरणमा समावेश गरेर सार्वजनिक गर्ने अनि दाइजो प्रथा अन्त्यको कुरा गर्नु मिल्दो नभएको उनीहरुको भनाइ थियो । राज्यका उच्च ओहोदामा बसेकाले नै आफ्नो सम्पत्ति विवरणमा दाइजोबाट प्राप्त भएको उल्लेख गर्ने तर दाइजो तथा तिलक प्रथा हटाउने भन्ने कुरा नै अमिल्दो रहेको सांसदहरुको भनाइ थियो । सामाजिक संस्कार बदल्नका लागि सामान्य प्रयासले मात्रै सम्भव नभएको भन्दै सांसदहरुले राज्यले ठोस नीति र कार्यक्रम बनाएर लागू गर्नुपर्नेमा जोड दिए ।

कुरीति अन्त्यका लागि जनचेतनाको अभिवृद्धिका साथै शैक्षिक कार्यक्रम बनाएर लागू गर्नुपर्ने उनीहरुको भनाइ थियो । सांसदहरु कृष्णभक्त पोखरेल, सत्या पहाडी, थममाया थापा, गोमा देवकोटा, समिना हुसेन, जुलीकुमारी महतो, राधा ज्ञवाली, शेख चाँदतारा, गङ्गा चौधरी, अञ्जना विसङ्के, दुर्गा पौडेल, तुलसा थापा, विद्या भट्टराई, गगनकुमार थापा, शान्तिमाया पाख्रिन, विमला विश्वकर्मालगायतले सामाजिक कुरीति अन्त्यका लागि सामाजिक जागरण अभियान सञ्चालन गर्नुपर्ने बताए ।

राष्ट्रिय तथा अन्तर्राष्ट्रिय हवाई टिकट छिटो, छरितो सेवाको लागि हामीलाई सम्झनुहोस् ।

कस्मो नेपाल ट्राभल एण्ड टुर्स प्रा. लि.

Cosmo Nepal Travel And Tours (P.) Ltd.



G.P.O. Box No.: 6012, Gairidhara-2, Naxal, Kathmandu, Nepal, Tel.: 977-1-4432368, 4439190, Mob.: Shyam KC 9851108449
Nabin Kafle 9801091701, 9841917001, Sachin Pandey 9801017077, 9851017077, Email: cosmonepal2012@yahoo.com, Website: www.cosmonepal.com

## सम्पादकीय

# निन्दनीय आक्रमणको नियति

प्रचण्ड जनमत सहित स्थानीय, प्रदेश र संघीय सरकार चलाइरहेको दल, नेपाल कम्युनिष्ट पार्टी (नेकपा) का कार्यकारी अध्यक्ष पुष्पकमल दाहाल प्रचण्डको सुरक्षार्थ ३७ सुरक्षाकर्मी परिचालित छन् । दुई पटक प्रधानमन्त्री भइसकेका र दश वर्षे जनयुद्धको सुप्रिमो कमाण्डरको पृष्ठभूमि रहेको कार्यकारी अध्यक्ष प्रचण्ड देशकै शक्तिशाली पात्र हुन् । उनले नेतृत्व गर्ने दलले देश चलाइरहेकाले स्वतः शक्तिशाली हुने नै भए । तर, तिनै शक्तिशाली नेता प्रचण्डमाथि आइतबार जुत्ता प्रहारको प्रयास भएको छ ।

भरतमोहन अधिकारी स्मृति फाउण्डेसनले राजधानीको राष्ट्रिय सभागृहमा आयोजना गरेको कार्यक्रमका प्रमुख अतिथि रहेका प्रचण्डलाई दर्शकदीर्घामा रहेका रतन तिरूवाले जुत्ता प्रहार गरेका थिए । सम्बोधन गरेर फर्कदै गरेका प्रचण्डलाई जुत्ता प्रहारको प्रयास गर्ने रतनलाई प्रहरीले तत्कालै नियन्त्रणमा लिएको छ । पक्राउ परेका रतनविरूद्ध प्रहरीले प्रारम्भिक वयान समेत लिइसकेको छ । आइतबार दिउँसो करीब १६ मिनेट सम्बोधन गरेर मञ्चमा फर्कदै गर्दा जुत्ता प्रहारको प्रयास गरिएको खबर हावाको गति भन्दा तीव्र गतिमा संसारभर रहेका नेपाली तथा गैरनेपालीसम्म पुगेको छ । प्रहार गरिएको जुत्ताले प्रचण्डलाई लागेन, तर यसको झट्काले भने उनलाई नराम्रोगरी लागेको छ ।

हुन पनि प्रचण्डमाथि आक्रमण गरिएको बितेको सात वर्षमा यो पाँचौं पटक हो । यसअगाडि २०७२ साउन ४ गते सिराहामा प्रचण्डमाथि ढुंगामुढा र बोतल प्रहार गरिएको थियो । संविधान निर्माण गर्न सुझाव संकलनका लागि आफू निर्वाचित सिराहा–५, पुगेका प्रचण्डलाई ढुंगामुढा र बोतल हानिएको थियो । त्यसको दुई वर्ष अगाडि २०७० कात्तिक ८ गते र २७ गते दुई पटक आक्रमणको प्रयास भएको थियो । २०७० कात्तिक ८ गते सिराहकै मुक्सारमा दुई वटा सकेट बम फेला परेको थियो भने कात्तिक २७ गते महेन्द्रनगरमा बम बिस्फोट गराइएको थियो । २०६९ मंसिर १ गते भने राष्ट्रिय सभागृहसँग जोडिएको भृकुटीमण्डपको खुला ठाउँमा नेपाल सम्वतको शुभकामना आदान–प्रदान कार्यक्रममा बाग्लुङ्का पदम कुँवरले थप्पड हानेका थिए ।

प्रचण्ड बाहेक अन्य शीर्ष नेताहरू माथि पनि आक्रमण भएका घटना छन् । देशकै प्रमुख नेतामाथि आक्रमणको प्रयास निन्दनीय हो । यसले शान्ति सुरक्षामाथि खलल पुग्छ भने विधिको शासनको बर्खिलापका दृष्टान्त पनि हुन् । तर, प्रचण्डमाथि भएका घटनामा भने समानता पाइन्छ । उनीमाथिको आक्रमणमा आफ्नै पूर्व कार्यकर्ताहरू संलग्न देखिन्छन् । त्यसैले यस्ता निन्दनीय कार्य सिर्जना हुनुमा स्वयम् हाम्रा नेतृत्व माथि बितृष्णा रहेको बुझ्न सकिन्छ, जसलाई सदाका लागि रोक्न वर्तमान सरकारले ठोस् पहलकदमी लिन जरूरी छ । फेरि पनि दोहोऱ्याऊ, यस्ता निन्दनीय कार्यलाई निरत्साहित गर्न उचित कदम चाल्न आवश्यक छ ।

## सामाजिक सञ्जाल



तिमीहरूसँग राजनीतिक इमान्दारिता छ भने, रास्ट्रियसभामा मोहनचन्द्र अधिकारी लैजाओ त हेरौं । बनिया हो ।

**-विनोद न्यौपाने**




मैले बुझाएको कर मेरै देश विकासको लागि खर्च हुन्छ, मेरै भविष्यका लागि हो भन्ने विश्वास नदिएसम्म करमा विवाद र लप्पन र छप्पन चलिरहन्छ । नेताको मोजमस्ती र भ्रस्टाचारका लागि गास काटेर किन दिने !

**- यादव हुमागाइँ**



नेकपाका नेता पद छोडेपछि पनि सुपर–प्रमुख आफू हुनु पर्ने धंगधंगी पालेर बसेको सन्देश जबरजस्त रूपमा स्थापित हुँदैछ । यिनले संसदीय प्रणाली त मार्नैं भन्छन् तर त्यसको वैध नैतिकता मान्दैनन् भन्ने प्रमाणित गर्दै छन् । एकाधलाई पार्टी उनको धोको लहड पूरा गर्न संस्थापित जमात हो भन्ने लाग्छ ।

**- सुवोध प्याकुरेल**



अर्थमन्त्री डा युवराज खतिवडा नै निरन्तर हुनु धेरै नै उपयुक्त पत्रिकामा निबन्ध लेख्नेहरूले उनलाई नबुझ्न पनि पाइन्छ । तर कैयौं वर्ष देखिको अर्थतन्त्रको फोहोर सफा गर्न समय लागेको मात्र हो । नतिजा बिस्तारै देखिँदै छन् ।

**- बडा काजी**


### लेखक तथा पाठकवर्गमा अनुरोध

तपाईसँग सार्वजनिक सरोकारका विषयमा कुनै लेख, अनुभव वा प्रतिक्रिया छन् भने सरल भाषाशैलीमा लेखेर पठाउनु होला । समसामयिक तथा सार्वजनिक चासोको विषयलाई हामी उचित स्थान दिने छौं । कसैप्रति पूर्वाग्रह राखेर पठाइएका सामाग्री प्रकाशन गर्न बाध्य हुने छैनौं ।

मध्यान्ह राष्ट्रिय दैनिक
इमेलः article.madhyanhadaily@gmail.com


# पार्टनर, तिम्रो पोलिटिक्स के हो ?



■ सरिता तिवारी

> विगतको संज्ञान र आजबारेको ठम्याइले लेखकको दृष्टि बनाउँछ । त्यही दृष्टि प्रकारान्तरले इतिहासको रेकर्ड मात्रै बन्दैन, गतिशील चेतनाको उत्प्रेरक पनि बन्छ । त्यस अर्थमा इतिहासलाई गतिमान बनाउन चेतनाको तहमा क्रियाशील हुनु वास्तविक अर्थमा प्रगतिशील लेखक हुनु हो ।

भारतका एक प्रखर कविको चर्चित कविता छ, 'अंधेरे में' । त्यसमा एउटा खरो वाक्य छ, 'पार्टनर, तुम्हारी पोलिटिक्स क्या हैं ?' आजको लेख यही प्रश्नको वरिपरि घुमेको छ । लिटरेचर फेस्टिभलको मञ्चमा नाम चलेका एक लेखकको नयाँ किताब विमोचन कार्यक्रम चल्दै थियो । राजनीति कर्म र 'जनपक्षीय' (प्रचलित शब्दमा प्रगतिशील धारा) साहित्यमा बराबरी जोडिएका त्यस किताबका लेखकले आफ्ना ऊर्जाशील दिनहरू प्रगतिशील लेखनको विस्तार र उत्थानमा बिताएका छन् । भलै 'प्रगतिशीलता' अहिले दलविशेषको निरपेक्ष, अकिञ्चन समर्थक हुनु र वैचारिक दासत्व स्वीकार गर्नुसँग सरोकार राख्ने अर्थमा सीमित भएको छ, यो अर्कै कुरा हो ।

तर किताबमाथि बोल्ने एक वक्ताले सुरुमै न्यायाधीश शैलीमा सुनाए, 'कुनै पनि लेखक आफैमा प्रगतिशील हो । लेख्नु आफैमा प्रगतिशील कदम हो । र, त्यो जेसुकै लेखे पनि हो । ...म उहाँलाई कुनै वादमा संकुचित गर्न चाहन्नँ ।' लेखकको तारिफ गर्दैगर्दै उनले तिनको लेखनको मेरुदण्डमाथि नै प्रहार गरे । तर लेखकले यसको प्रतिवाद गर्न आवश्यक ठानेनन् । नेपालमा पछिल्लो समय प्रगतिशीलताको अर्थ खुइलिँदै गएकाले दिक्क लागेर हो वा त्यसको व्याख्या गर्ने, स्पष्टीकरण दिने 'दुःखी' काम गर्ने जाँगर नलागेर ? उनैलाई थाहा होला ।

दिमागमा धेरै दिनसम्म माथिका पंक्तिहरू घुमिरहे । यद्यपि यस्तो कुरा सुन्नुपरेको यही नै पहिलो मौका थिएन, न त यही नै अन्तिम होला । पटक-पटक, धेरै पटक यस्ता अभिव्यक्ति सुन्नुपर्दा यो विषयमा छलफल जरुरी छ भन्ने लागेको छ ।

लेखक भन्ने कुनै 'उपल्लो कोटि' प्राणीले कलम समाइदिने 'महान् उद्यम' गर्दिनासाथ त्यो प्रगतिशील भैदिइहाल्छ भन्ने यस्तो मतका ती वक्ता नै एक्ला पक्षधर होइनन् । लेखनमा कुनै किसिमको 'वाद' हुल्नु हुँदैन... लेखनमा राजनीति त झन् आउनै हुँदैन... आए पनि त्यसमा पक्षधरता हुनै हुन्न... त्यो प्राकृत र सहज हुनुपर्छ... कुनै खास पक्ष लिनु, खास विचार 'थोपर्नु' त्यसको नैसर्गिक चरित्रमा हस्तक्षेप गर्नु हो... इत्यादि । प्रगतिशीलताको बृहत् र खास अर्थलाई उपेक्षा गर्ने यस्तो धारणा जीवन र समाजका आधारभूत सत्यसँग भाग्ने चिन्तनको उपजभन्दा बढी केही लाग्दैन ।

केही पनि लेख्दिनासाथ कोही पनि प्रगतिशील हुन्छ भन्नु त्यति नै मूर्ख तर्क लाग्छ, जति गिदी भएकैले मान्छे बुद्धिमान् प्राणी हो भन्ने तर्क ! गिदी सूचनाका असंख्य तारहरूको समवेत गुजुल्टो मात्रै हो । मान्छे बुद्धिमान् बन्न उसले गिदीबाट प्रसारित बुद्धितत्त्वको उपयोग कसरी गरेको छ भन्ने हेर्नुपर्छ । ठीक त्यस्तै, लेखन एउटा सिर्जनशील 'प्रयत्न' हो । तर त्यो प्रयत्न हुनु नै प्रगतिशीलता होइन । त्यो किन, कसका लागि भएको छ भन्ने कुरा महत्त्वपूर्ण हो । यसको जाँच नगरी जेसुकै र जुनसुकै चीज कसरी प्रगतिशील हुन्छ ?

पछिल्लो समय 'प्रगतिशील' को अर्थ संकुचन हुँदैहुँदै दलविशेषको झन्डामा टाँस्सिएको, लेखनमा कम राजनीतिक दाउपेचमा ज्यादा सक्रिय (वा लेख्दै नलेख्नेसमेत) व्यक्ति नै प्रगतिशील हो भन्ने बनाइएको छ । जसरी हिजो राजारानीका वरिपरि घुमेर, तिनका प्रशस्ति लेखेर, तिनको जयजयकार गरेर, तिनको चाकरी गरी पद-पीठ पाउन र राज्यसंरक्षित मठाधीश बन्न सकिन्थ्यो, त्यही शैलीमा प्रशस्ति लेख्नेहरू, चाकरी गर्नेहरू नै 'खाँटी प्रगतिशील' मा दरिने भएपछि यो शब्द संकटमा परेको सत्य हो । त्यही भएर नै हो, प्रगतिशील लेखन र आन्दोलनमा लामो उमेर बिताएका पाका लेखक नै आफूलाई यतिखेर प्रगतिशील मान्न असुविधा प्रकट गर्छन् ।

लेखन एक प्रकारको उत्पादन हो । सोचको, विचारको उत्पादन । सोचहरू, विचारहरू इतिहासको बोधले बन्छन् । वर्तमानका सत्य-असत्य ठम्याउन इतिहास नबुझी सुख छैन अनि इतिहास घटना र मितिको ठेली मात्रै होइन, आज देखिने प्रभाव र परिणामको कार्यकारण हो भन्ने कुरा आम मानिसको पक्षबाट इतिहास चिन्तन गर्नेहरूले लगातार बताउँदै आएका छन् ।

मानिस आफै पनि इतिहासको उत्पादन हो । इतिहासभित्र धेरै कुरा छन् । शासकहरूका विजय र पराजयका चक्र मात्रै होइन, साधारण जनताका, जातिविशेषका, लिङ्गविशेषका सुस्केरा, दलन, उत्पीडन, आँसु, रगत, संकल्प, संघर्ष ...धेरै कुरा छन् । लेखन जिम्मेवारी हो भन्ने मान्नुहुन्छ भने, लेखन नितान्त निजी प्रयोजनको काम मात्रै होइन सामाजिक कुरा हो भन्ने मान्नुहुन्छ भने, यति धेरै कुराको कार्यकारण पत्तो नपाई, यी कुरासँग सरोकार नराखी 'प्रगतिशील' लेखक बन्ने सुविधा कसैलाई छ ?

विगतको संज्ञान र आजबारेको ठम्याइले लेखकको दृष्टि बनाउँछ । त्यही दृष्टि प्रकारान्तरले इतिहासको रेकर्ड मात्रै बन्दैन, गतिशील चेतनाको उत्प्रेरक पनि बन्छ । त्यस अर्थमा इतिहासलाई गतिमान बनाउन चेतनाको तहमा क्रियाशील हुनु वास्तविक अर्थमा प्रगतिशील लेखक हुनु हो । गतिशीलताको त्यो चेत उन्नत र अग्रगामी विचारको पोषणले तयार हुन्छ । यस्तो चेत निर्माण हुन प्रायः सत्ता बाधक बन्ने गरेको अनुभव छ, हामीसँग । सामन्तवादी मात्रै होइन, पुँजीवादी र साम्यवादी सत्तासमेत । त्यसैले जुनसुकै किसिमको विचारले चलेको सत्ता होस्, प्रगतिशील लेखक सत्ताका विचारको रक्षक बन्नु हुन्न, सत्तासँग दूरी बनाएर बस्नुपर्छ भन्ने मानिन्छ । यसरी प्रगतिशील बन्नु या बन्ने प्रयत्न गर्नु गौरवको कुरा हो । यस प्रकारबाट प्रगतिशीलताको अभ्यास गर्नु आज सबैभन्दा बढ्ता जरुरी छ ।

मान्छे स्वयम् इतिहासको उत्पादन हो भन्ने कुरा मान्ने हो भने, त्यो ठिङ्ग एक्लो र इतिहासशून्य उभिएको छैन भन्ने पनि मान्नुपर्छ । मान्छे स्पेसमा यत्तिकै तुर्लुङ्ग झुन्डिरहेको अद्भुत जीव पनि त होइन । भौतिक रूपमा एक्लो देखिने मान्छे मानसिक, सांस्कृतिक रूपले निरपेक्ष र एक्लो छैन । ऊ आफ्ना पूर्वजहरू हिँड्दै आएको इतिहासको बाटोमा उभिएको छ । त्यहाँ कथा छन् । संस्कृति छन् । घटना छन् । जीवनशैली छन् । र मुख्य कुरा ती सबै चीजबाट निर्मित एकमुस्ट परिणाम छ– वर्तमान । त्यसैले आजको कुरा गर्दा हिजोबारेको बोध सही हुनु आवश्यक छ । अतीतमाथिको सही बोधले नै आजको समयको लेखनलाई प्रगतिशील वा गैरप्रगतिशील बनाउने हो । त्यस अर्थमा लेखनमा ध्रुवीकरण र कित्ताकरण चाहिन्छ । इतिहासको उपेक्षा गर्ने, त्यसमाथि छलछाम गर्ने र त्यसको सत्य-सन्धान गर्ने सबै खाले लेखकलाई प्रगतिशीलताको एउटै बाक्सामा खाँद्न मिल्दैन ।

भौतिक वस्तुजस्तै लेखन पनि एउटा उत्पादन हो र उत्पादन कहीं, कहिल्यै गैरराजनीतिक भएको मलाई थाहा छैन । चाहे त्यो स्थूल वस्तु होस्, चाहे चेतना अर्थात् विचार, कुनै पनि कुरा राजनीतिभन्दा बाहिर छैनन् । शिक्षक, बैंकर, व्यापारी, उद्योगपति, पत्रकार वा खेतीहर किसान, लोहार, मेहतर, गृहिणी, सुचीकार को को बन्न सक्ने वा को नबन्ने भन्ने कुरा जसरी 'राजनीतिक' कुरा हो, के लेख्ने, कसका लागि र किन लेख्ने, लेख्नका लागि आधारभूत विषय, विचार के हुने भन्ने कुरा पनि ठीक त्यसै गरी राजनीतिक कुरा हो । त्यस कारण लेख्नेबित्तिकै कोही पनि प्रगतिशील हुन्छ भन्नु कि बिलकुलै अपरिपक्व र 'बचकाना' तर्क हो कि सत्यमाथिको भद्दा मजाक ।

हरेक लेखन लेखुन्जेल लेखक एक्लैको भए पनि लेखिसकेपछि यो सामूहिक अभिव्यक्तिको कर्म हो । यसको असर व्यक्तिचेतनामा मात्रै पर्दैन, समाजमा पनि पर्छ । यति कुरा मान्ने हो भने लेख्ने काम पूरापूर राजनीति हो । जेसुकै लेखोस्, लेखकले या त व्यक्ति वा समाजको इतिहासबाट पलायन भएर मौनता वा जिब्रोचपाइको 'कुट' राजनीति गर्छ या इतिहासलाई बाङ्गोटिङ्गो र छद्म रूपमा देखाउने राजनीति गर्छ या आफ्नो विवेकको पूरापूर 'गट्स्' उपयोग गरेर समय र घटनामाथिको ठोस मन्तव्य दिन्छ । लेखनमा हुँदै आएको यही हो ।

'कुनै खास लेखकलाई कुनै खास विचारको कित्तामा राख्न नचाहनु' वा कुनै लेखकलाई (वा लेखकले आफूलाई) कुनै विचारको पक्षपाती मान्नु दुवै राजनीति हो । लेखनमार्फत एक प्रकारको राजनीति गर्छु भन्ने हाकाहाकी विचार मात्रै राजनीति होइन, लेखकले राजनीति गर्नु हुँदैन वा लेखन राजनीतिक काम होइन वा लेखन कुनै वादको मानक बन्नु हुन्न भन्नु पनि उत्तिकै राजनीति हो । मानिसले सास फेर्नु वा सास फेर्न नपाउनु, पानी पिउनु वा पानीसम्म पिउन नपाएर तड्पिनु, खाना खानु वा भोकमरी लाग्नु, राम्ररी निदाउन पाउनु वा रातभर सन्त्रासले जाग्राम बस्न पर्नु आदि सामान्यभन्दा सामान्य लाग्ने यस्तो हरेक कुरा व्यक्ति बाँचेको समाजको राजनीतिमा निर्भर गर्छ भने सोचीसम्झी, भएभरको बुद्धि लगाएर लेख्ने कुरो गैरराजनीतिक क्रिया कसरी हुन सक्छ ?

लेखकले राजनीति गर्नु हुन्न वा लेख्नासाथ कोही पनि प्रगतिशील हुन्छ भनेर कोही बहस गर्न आयो भने त्यस्तो बहसको प्रस्थानविन्दु हुन्छ, 'अरे पार्टनर, तिम्रो चैं पोलिटिक्स के हो ?'

# प्रतिभा पलायन रोक्न चुनौती



प्रा.डा. भीमदेव भट्ट

केन्द्रीय तथ्यांक विभागले वि.सं. २०६८ मा सार्वजनिक गरेको तथ्यांकमा नेपालको जनसंख्या करिब दुई करोड ६५ लाख देखाइएको छ । यस अन्तर्गत १४-५९ उमेर समूहका जनसंख्याको प्रतिशत ५७ रहेको छ । यसैको आधारमा देशमा प्रतिवर्ष करिब पाँच लाख श्रमशक्ति बजारमा आउने प्रक्षेपण गरिएको हो । एक अर्को तथ्यांक अनुसार नेपालमा प्रतिवर्ष ५० हजार विद्यार्थीहरुले स्नातक, स्नातकोत्तर उपाधि हासिल गरेको देखाइएको छ । यसरी बजारमा आएका सबै शिक्षित एवं कोरा जनशक्तिलाई राष्ट्रले रोजगारीको अवसर जुटाउन सकेको पाइँदैन । देशभित्र रोजगारीको अवसर न्यून भएकै कारण एकातर्फ उच्च अध्ययन र अर्कोतर्फ रोजगारीका लागि विदेशिनेको संख्या क्रमिक बढ्दो छ । विगत १५/२० वर्षमा पुगनपुग ५० लाख श्रमिकहरु कामको खोजीमा खाडी मुलुकमा पुगेको अनुमान गरिएको छ । नेपाल अहिले तीव्र आर्थिक वृद्धि गर्ने १० देशभित्र मूल्यांकन गरिए पनि रोजगारीका लागि विदेश जानेको लर्को न्यून गर्न सकेको छैन । यसैको क्षतिपूर्तिका रुपमा प्रधानमन्त्री रोजगार कार्यक्रम कार्यान्वयनमा ल्याइएको भए तापनि यसको विकल्प खोज्नु आवश्यक छ ।

रोजगारीका सन्दर्भमा श्रम शक्ति विदेशिएका कारण यसले अर्थतन्त्रमा कुल गार्हस्थ उत्पादनको झण्डै २६ प्रतिशत योगदान पुऱ्याइरहेछ, औसत ४५ प्रतिशत घर परिवारले कुनै न कुनै रुपमा विप्रेषण प्राप्त गरिरहेका छन् र उनीहरुको दैनिकी केही सहज भएको छ, राष्ट्रिय प्रति व्यक्ति आय बढिरहेछ । त्यसको अर्को पाटोबाट हेर्दा यसरी ठूलो संख्यामा युवा विदेशिंदा देशभित्र आवश्यक पर्ने श्रम शक्ति पनि विदेशबाट भित्र्याइनु परेको छ । श्रम शक्तिकै अभावमा हाम्रा खेतबारी बाँझा रहेका छन्, कृषिको उत्पादन घटेको छ । पारिवारिक विछोडले विभिन्न दृष्य अदृष्य समस्या सिर्जना गरिरहेछन् । यसरी विदेशिने अदक्ष कोरा श्रम शक्तिले तुलनात्मक रुपमा अपेक्षित विप्रेषण पनि भित्र्याउन सकेको पाइदैन । दैनिक भित्रिने विप्रेषणसँगै बन्द बाकसमा लास पनि भित्रिएका छन्, जसको करुण कहानी बेग्लै छ ।

रोजगारीका लागि विदेशिने कोरा श्रमको संख्या वार्षिक पाँच/छ लाख रहेको छ भने उच्च अध्ययनको लागि वार्षिक २०/२५ हजार विद्यार्थी विदेश गइरहेछन् । उच्च अध्ययनका लागि विदेशिनेहरुको मुख्य गन्तव्य अष्ट्रेलिया, अमेरिका, बेलायत छ भने कोरा श्रम शक्ति मलेसिया, कतार, साउदी अरेबिया, यु.ए.इ., आदि देशमा गइरहेछन् । उच्च अध्ययनका लागि विदेशिएका अधिकांश विद्यार्थी आफ्नो अध्ययनपछि, सार्क मुलुक बाहेक, उतै बसोबास गरी रोजगारीमा संलग्न हुने प्रवृत्ति देखिएको छ भने कोरा श्रममा लागि खाडी मुलुक गएका श्रम शक्ति तोकिएको अवधि पूरा गरेपछि सम्झौता अनुरुप स्वदेशमै फर्कन्छन् । यसमा केही अपवाद भिन्दै विषय हो ।

**विदेशिनुका कारण**

देशबाट शिक्षित र कोरा श्रमजीवी विदेशिनुका कारण भिन्न छन् । खासगरी शिक्षित युवा

(क) स्तरीय शिक्षाको आकांक्षा
(ख) अवसरको खोजी
(ग) परामर्शदातृ संस्थाको पहल
(घ) विदेशस्थित साथी भाईको सहयोग
(ङ) स्वदेशमा अवसरको कमी
(च) देशमा न्यून तलब भत्ता र वृत्ति विकासको झिनो अवसर
(छ) विदेशिने प्रवृत्ति र
(ज) देशमा विद्यमान राजनीतिकरण आदिका कारण विदेशिएका छन् । कोरा श्रमिकहरु
(क) देशमा रोजगारीको न्यून अवसर
(ख) काम गरेर पनि ज्याला नपाउने, ठगिने प्रवृत्ति
(ग) स्वदेशको तुलनामा विदेशको आय निकै आकर्षक
(घ) आफ्नो भविष्य सुरक्षित तुल्याउन आदिका कारण पलायन भइरहेछन् ।

देशमा कृषि क्रान्ति ल्याउन नसकेकाले त्यसको असर उद्योग विस्तारमा समेत परेको छ । फलतः यी दुवै क्षेत्रमा रोजगारीको अवसर ज्यादै न्यून छ । सार्वजनिक सेवामा निजामती, सैनिक र प्रहरीतर्फ वार्षिक छ/सात हजारको मात्र नयाँ भर्ना गरिन्छ । त्यसैगरी सार्वजनिक संस्थान र अन्य निजी वित्तीय संस्थानमा पनि आठ/दश हजारको मात्र नयाँ माग रहन्छ । केही संख्यामा अन्तर्राष्ट्रिय र घरेलु गैरसरकारी संस्थाले समेत कर्मचारीको माग गर्दछन् । तर गैरसरकारी संस्था र निजी क्षेत्रमा भर्ना गरिने कर्मचारी उच्च कोटीको हुनुपर्ने भएकाले सर्वसाधारण सबैले ती पदमा प्रतिस्पर्धा गर्न सक्दैनन् । यसरी राष्ट्रको सेवा क्षेत्रमा कर्मचारी भर्नाको ढोका त्यति फराकिलो देखिन्न ।

उपरोक्त अवस्थाको ठीक विपरीत विदेशमा शिक्षा प्राप्त गर्न र आय आर्जनको समेत अवसर भएकाले युवा पिंढीको आकर्षण त्यतै भएको अनुमान लगाउन सकिन्छ । यसका साथै देशभित्र रोजगारी दिने सन्दर्भमा समावेशी कार्यक्रम लागू गरिएकाले पनि कतिपय अवस्थामा योग्य व्यक्तिहरु अवसरबाट बञ्चित गराइएका छन् । युवा विदेसिनुमा परोक्ष ढंगले राजनीतिकरणले समेत भूमिका निर्वाह गरिरहेछ । भनसुन, नातागोता र राजनीतिक आस्थाले नेपालको रोजगारी पद्दतिमा गहिरो जरा गाडेको कुरा नकार्न मिल्दैन ।

कोरा श्रमका लागि विदेशिने युवाले लोभलाग्दो आय आर्जन गर्नुका साथै तोकिएको क्षेत्रमा नयाँ ज्ञान सीप समेत सिक्छन् । लामो समय विदेशमा रही सेवा गरी स्वदेश फर्केका केही युवाले आफ्नै स्वतन्त्र व्यवसाय सञ्चालन गरेको, आफ्नो ज्ञान अनुभव अरुलाई पनि सिकाएको, आफ्नो दैनिकी आफ्नै बाहुवलमा सञ्चालन गरेको आदि पाइन्छ । यसका साथै विदेशमा रही शिक्षा प्राप्त गर्नु/श्रम गर्नुलाई प्रत्येक उम्मेदवारले अवसरका रुपमा लिएको पनि बुझिएको छ । घर आँगनको परिधि नाघेर विदेश पुगेका जो कसैको विचार, व्यवहार, चेतना, संस्कार र सहकार्य गर्ने प्रवृत्तिमा ठूलो अन्तर पाइन्छ । यस्ता व्यक्तिले आफूलाई समाजमा स्थापित गर्ने मात्र नभई समाज बदल्न समेत महत्वपूर्ण भूमिका निर्वाह गर्न सक्दछन् ।

दुष्परिणाम

हाम्रो देशबाट शिक्षित एवं कोरा श्रम विदेशिने क्रम बढेपछि त्यसले विभिन्न दुष्परिणाम निम्त्याइरहेछ । कोरा श्रमको तुलनामा शिक्षित युवाको पलायनले राष्ट्रलाई दोहोरो असर पारिरहेछ । त्यस्ता जनशक्ति तयार गर्न राष्ट्रले ठूलो लगानी गरेको तर प्रतिफल विदेशी राष्ट्रले लिइरहेका छन् । देशमा विद्यमान अब्बल दर्जाका युवा पलायन हुँदा उनीहरुबाट प्राप्त गर्ने सेवा राष्ट्रले पाइरहेको छैन । देशको विकास द्रुत गतिमा अगाडि बढाउन प्रतिभाहरुकै खाँचो देखिन्छ । उनीहरु विकास एवं परिवर्तनका संवाहक हुन् । प्रतिभा पलायनको क्रमले यो अभाव खट्किंदै गएको छ । यसैगरी कोरा श्रम विदेशिनाले देशमा सञ्चालित विकास निर्माण कार्यमा लागि विदेशी श्रमिक भित्र्याउनु परिरहेछ । यसरी विदेशबाट श्रमिक भित्र्याउँदा उनीहरुलाई अतिरिक्त ज्याला/पारिश्रमिक दिनु परेको छ । यस प्रकरणले परोक्ष रुपमा देशबाट पुँजी पलायन पनि भइरहेछ । विकास निर्माण कार्यमा वैदेशिक श्रमिकका कारण परियोजना समयमै सम्पन्न नहुने, लागत बढिरहेछ । विदेशी श्रमिकहरुलाई लामो समयसम्म रोजगारीमा संलग्न गराउँदा त्यसले कालान्तरमा देशको धर्म संस्कृति र राजनीतिमा समेत प्रभाव पार्न सक्दछ ।

रोकथामको बाटो

युवालाई रोजगारीका लागि विदेशिने क्रम न्यून गर्न सर्वप्रथम देशभित्रै रोजगारीको अवसर सिर्जना गरिनु पर्दछ । राष्ट्रले प्रदान गर्ने शिक्षा जीवन उपयोगी तुल्याई विभिन्न विषय र क्षेत्रमा आवश्यक पर्ने व्यावसायिक र प्राविधिक शिक्षा प्रवर्द्धन गरी यस्ता शिक्षा प्राप्त गरेका युवालाई उनीहरुको ज्ञान र सीप अनुरुप काम गर्ने अवसर जुटाइनु पर्दछ । यसैगरी विदेशमा उच्च अध्ययन समाप्त गरी रोजगारीमा संलग्न व्यक्तिहरुलाई स्वदेश फर्काउने, उनीहरुको अध्ययन र कार्य अनुभवको आधारमा रोजगारी प्रदान गर्ने, उनीहरुलाई दिइने पारिश्रमिक र वृत्ति विकासको उचित प्रबन्ध मिलाउने विषयमा समेत नीतिगत निर्णयको खाँचो देखिन्छ ।

देशको सर्वाङ्गिण विकास नभई आम नागरिकको हित गर्न सकिन्न । यस पक्षलाई आत्मसात गरी संयुक्त राष्ट्रसंघले सन् १९९० को दशक पश्चात् पूर्वाधारका रुपमा रहेको मानव स्रोतको विकासका लागि उच्च प्राथमिकता दिन आग्रह गरेको हो । यसको सान्दर्भिकता अद्यापि छँदैछ । आजको युगमा विज्ञान र प्रविधिको अकल्पनीय चमत्कारका कारण विश्व एक गाउँमा परिणत भइसकेको छ । अतः विपन्न र पछि परेका देशले समेत आफ्नो विकास अगाडि बढाउनुको विकल्प देखिन्न । यस यथार्थलाई बोध गरी देशको जनसंख्या नीति कस्तो निर्धारण गर्ने, जनसंख्याको उपयोग कसरी गर्ने, श्रमको सम्मान कसरी स्थापित गर्ने भन्ने विषयमा स्पष्ट दिशाबोध गरिनु पर्दछ ।

# यात्रुको स्वास्थ्य जाँच प्रबन्धका लागि कार्यदल



**काठमाडौं/मस-** संस्कृति, पर्यटन तथा नागरिक उडड्यन मन्त्रालयले त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थल कार्यालयको आगमन तथा प्रस्थान कक्षबाट आवतजावत गर्ने सबै यात्रुको आवश्यक स्वास्थ्य जाँचको प्रबन्ध तत्काल मिलाउने व्यवस्था गर्नका लागि कार्यदल गठन गरेको छ। पर्यटनमन्त्री योगेशकुमार भट्टराईको अध्यक्षतामा आइतबार मन्त्रालयमा कोरोना भाइरसको विश्वव्यापी प्रभाव तथा मन्त्रालय र अन्तर्गतका निकायहरुबाट गर्नुपर्ने रोकथाम एंव पूर्वतयारीका कार्य सम्बन्धमा बसेको बैठकले सो निर्णय गरेको हो ।

नेपाल नागरिक उडड्यन प्राधिकरण (क्यान) का निर्देशक देवचन्द्रलाल कर्णको संयोजकत्वमा स्वास्थ्य तथा जनसंख्या मन्त्रालयका डा. हेमन्त चन्द्र ओझा, विमानस्थल अध्यागमन कार्यालयका निर्देशक राजेश पन्थी, एयरलाइन्स अपरेटर कमिटीबाट शरद काफ्ले र सुरक्षा निकायका प्रतिनिधि रहने गरी कार्यदल गठन गरिएको छ ।

मन्त्रालयले उक्त कार्यदललाई स्वास्थ्य परीक्षणका लागि थप स्थान र उपकरण समेतको आवश्यकता पहिचान गरी आजैदेखि तयारी गर्न निर्देशन दिएको छ । त्यस्तै उक्त बैठकमा त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलमा विदेशबाट आउने यात्रुहरुलाई स्वास्थ्य जाँचको डेस्क पार गरी जानुपर्ने प्रावधानसम्बन्धी सूचनामूलक जानकारी अनिवार्यरूपमा जहाज अवतरणको क्रममा र आगमन तथा प्रस्थान कक्षबाट निरन्तररूपमा प्रवाह गर्ने व्यवस्थाका लागि प्राधिकरणलाई निर्देशन दिइएको छ ।


सडक मार्गबाट नेपाल प्रवेश गर्ने यात्रुहरुको स्वास्थ्य जाँच र आवश्यक पूर्वाधारको प्रबन्धका लागि स्वास्थ्य तथा जनसंख्या मन्त्रालयबाट अध्यागमन विभागसँगको समन्वयमा आवश्यक व्यवस्था गरी उक्त मन्त्रालयलाई अनुरोध गर्ने, भाइरसको प्रभाव न्यूनीकरण तथा रोकथामका क्रममा विभिन्न मुलुकले अवलम्बन गरेको उडानसम्बन्धी रणनीतिको अध्ययन र विज्ञसँगको छलफलको आधारमा नेपालले उडान रोक्न पर्ने वा नपर्ने सम्बन्धमा दुई दिनभित्र संक्षिप्त प्रतिवेदन पेश गर्न प्राधिकरणलाई निर्देशन दिइएको छ।

नेपाल पर्यटन बोर्ड र नेपाल भ्रमण वर्ष २०२० को सचिवालयबाट सन् २०२० को मार्च महिनामा स्वदेश तथा विदेशमा गरिने प्रचारप्रसारका कार्यक्रम हाललाई स्थगन गर्ने तथा मार्च तेस्रो हप्तामा यसको समीक्षा गरी पेश गर्न, नेपालको आन्तरिक पर्यटन प्रवर्द्धनका लागि लिनुपर्ने तत्कालीन नीति तथा कार्यक्रमको सम्बन्धमा नेपाल पर्यटन बोर्ड र नेपाल भ्रमण वर्ष, २०२० को सचिवालयले एक हप्ताभित्र संक्षिप्त प्रतिवेदन तयार गरी पेश गर्न निर्देशन दिइएको छ ।

नेपालको पर्यटन प्रवर्द्धनका लागि वैकल्पिक रणनीति तय गर्न नेपाल पर्यटन बोर्डमा क्रियाशील समूहले देशगत सूचनाहरु अध्यावधिक राखी आवश्यक आन्तरिक तयारी गर्ने, नेपाल वायुसेवा निगमबाट जापानको नारिता अन्तर्राष्ट्रिय विमानस्थलमा हुन लागेको उडान शुरुआतमा दुवै मुलुकमा कुनै औपचारिक कार्यक्रम आयोजना नगर्न निर्देशन दिइएको छ ।

मन्त्रालयमा भएको उक्त बैठकमा मन्त्रालयका सचिव केदारबहादुर अधिकारी, मन्त्रालयका सहसचिव, स्वास्थ्य तथा जनसंख्या मन्त्रालयका उच्च अधिकारी, नेपाल नागरिक उडड्यन प्राधिकरणका महानिर्देशक, नेपाल वायुसेवा निगमका निमित्त महाप्रबन्धक, नेपाल पर्यटन बोर्डका प्रमुख कार्यकारी अधिकृत, अध्यागमन विभागका महानिर्देशकलगायतको उपस्थिति रहेको थियो ।

# वन रक्षक नहुँदा चोरीनिकासीमा वृद्धि



**डडेलधुरा/रासस-** डडेल्धुरामा सशस्त्र वन रक्षक नहुँदा डडेल्धुराका वनमा चोरी तस्करी बढ्दै गएको छ । डिभिजन वन कार्यालय डडेल्धुराका अनुसार डडेल्धुरा जिल्लामा सबडिभिजन वन कार्यालय र डिभिजन वन कार्यालय गरी आठ डिभिजन वन कार्यालयमा ३१ जनाको दरबन्दी सशस्त्र वन रक्षक भए पनि जिल्लामा एक जना पनि सशस्त्र वन रक्षक नहुँदा जिल्लामा चोरी तस्करी बढ्दै गएको स्थानीयवासीको भनाइ छ।

डडेल्धुरा जिल्लाको भूगोलमा ७५.८ प्रतिशत वन क्षेत्र फैलिएको डिभिजन वन कार्यालय डडेल्धुराका प्रमुख विष्णुप्रसाद अचार्यले जानकारी दिए। जिल्लामा रहेका झण्डै ५०० सामुदायिक क्षेत्रले ओगटेको भए पनि वन रहे पनि दरबन्दीभन्दा ५० प्रतिशत मात्र कर्मचारी र सशस्त्र वन रक्षक नहुँदा चोरी तस्करी नियन्त्रणमा समस्या भएको डिभिजन वन कार्यालय डडेल्धुराका प्रमुख अचार्यले बताए। कर्मचारी अभाव र वन क्षेत्रले ओगटेको भू-भाग ठूलो भएका कारण चोरी तस्करी न्यूनीकरण गर्न कठिनाइ भइरहेको उनले बताए ।

जिल्लाको भित्री मधेश क्षेत्रमा पर्ने आलिताल गाउँपालिका र परशुराम नगरपालिका क्षेत्रमा सबैभन्दा बढी चोरी तस्करी भइरहेको देखिन्छ । दुई पालिका भएर कञ्चनपुर र कैलाली हुँदै बढी तस्करी भइरहेको आलिताल गाउँपालिका स्थानीय सिपी जोशी बताउँछन् ।

डडेल्धुराको सीमाक्षेत्रमा रहेका घाँटहरुमा त्यस क्षेत्रमा रहेका प्रहरी चौकीको जिम्मा दिए पनि आवश्यक प्रहरी नहुँदा विभिन्नखाले तस्करी हुने गरेको स्थानीयवासीको गुनासो छ। जिल्लामा सशस्त्र प्रहरी बल नभएकाले नेपाल प्रहरीको नेतृत्वमा नै सीमाको सुरक्षामा खटिएको जिल्ला प्रहरी कार्यालय बैतडीले जनाएको छ ।


## बीमालेख हराएको सूचना

**नेपाल लाइफ इन्स्योरेन्स क.लि.** ले जारी गरेको श्री नसिमा वानु बीमालेख नं. १२५०२१५५० र रुप बहादुर मगर बीमालेख नं. १३१००२५६२ को बीमालेख मिति २०७५/०५/१० गते हराएको हुँदा फेलापार्नु हुने महानुभावले नजिकको शाखा कार्यालय, प्रहरी चौकी वा तलको ठेगानामा उपलब्ध गराईदिनुहुन हार्दिक अनुरोध गर्दछु ।

**नेपाल लाइफ इन्स्योरेन्स कं. लि.**
**शाखा कार्यालय, काठमाडौं**
**फोन: ४१६९१२९, ४१६९१३०, पो.ब.नं. ११०३०**

## फ्ल्याट भाडामा

**का.म.न.पा. वडा नं. २६, गोंगबु आवास क्षेत्र गणेश मन्दिर अगाडीको घरको ७ कोठा (२ फ्ल्याट) सटर सहित फ्ल्याट भाडामा छ ।**

**सम्पर्क : ९८४९००७०६०**


नेपाल सरकार
श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय
**वैदेशिक रोजगार विभागको**
## सूचना

नेपाल सरकारबाट वैदेशिक रोजगार व्यवसाय सञ्चालन गर्न इजाजत प्राप्त श्री **वर्ल्ड नेट रिक्रुटमेन्ट कन्सल्टयान्ट प्रा.लि.** (ई.प्र.नं. १७४)ले आफ्नो रजिष्टर्ड कार्यालयको साविकको ठेगाना **काठमाडौं जि. काठमाडौं म.न.पा. वडा नं. ०५** बाट परिवर्तन गरी **काठमाडौं जि. काठमाडौं म.न.पा. वडा नं. ०४ मा** राख्नको लागि माग भई आएकोले उक्त प्रा.लि.को माग बमोजिम ठेगाना परिवर्तन गर्दा कोही कसैलाई मर्का पर्ने भएमा यो सूचना प्रकाशित भएको मितिले ७ (सात) दिनभित्र यस विभागको संस्था दर्ता तथा नवीकरण शाखामा दावी विरोध गर्न आउनुहोला । अन्यथा कानुन बमोजिम भै जाने व्यहोरा समेत यसै सूचनाद्वारा जानकारी गराईन्छ ।


## कतारमा रोजगारको अवसर | १. कम्पनी : CTCI CORPORATION, शहर : DOHA

पूर्व स्वीकृत मितिः २०७६/१०/१७ | चलानी नं.: ६०१५०९८६ | LT. No.: 230874 | पून विज्ञापन

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब QR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Supervisor | 1 | 0 | स. काममा दक्ष | 2500 | ७९,१०० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

२. कम्पनी : EXPANSION INTERNATIONAL CONTRACTING WLL | शहर : DOHA

पूर्व स्वीकृत मितिः २०७६/१०/१९ | चलानी नं.: ६०१५१०२२ | LT. No.: 231505 | पून विज्ञापन

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब QR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Driver | 1 | 0 | सम्बन्धित काममा दक्ष | 1400 | ४४,२९५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Building Worker | 2 | 0 | | 900 | २८,४७५ | | | | | | | |
| 3. | Electric | 1 | 0 | | 1100 | ३४,८०५ | | | | | | | |
| 4. | Plaster Worker | 2 | 0 | | 1100 | ३४,८०५ | | | | | | | |

अन्तर्वार्ता मेनपावर कार्यालय, काठमाडौंमा फागुन २६ गते (9 Mar. 2020) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | कामदार आफैले | बिमा हुने/ प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | कामदार आफैले | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | नि:शुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिन नियोगको सम्पर्क ठेगाना र फोन नं: हरू साथमा राख्नुहोला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रो साग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नुहोला । ६. काममा विदेश जादा नेपालकै विमानस्थल प्रयोग गर्नुहोला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नुहोला ।

**SOLIDARITY OVERSEAS PVT.LTD**
Gov. Lic. No. 1186/073/074
Basundhara Chowk, Kathmandu, Nepal, Tel No.: +977-1-4357086, Fax No.: +977-1-4357086
Email: soverseas2074@gmail.com, info@solidarityoverseas.com
Website: www.solidarityoverseas.com

## SAUDI & UAE मा रोजगार | १. कम्पनी : GULF QUARRIES COMPANY LIMITED, शहर: RIYADH

पूर्व स्वीकृत मितिः २०७६/११/०२ | चलानी नं.: ६०१५१७४२ | LT. No.: 232825 | पून विज्ञापन

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Car Driver Public | 1 | 0 | स. काममा दक्ष | 1800 | ५५,२८० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

२. कम्पनी : ALNASR GENERAL SERVICES EST | शहर: UAE

पूर्व स्वीकृत मितिः २०७६/११/०५ | चलानी नं.: ६०१५१८४५ | LT. No.: 233417 | पून विज्ञापन

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब AED | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Reinforcing Fitter Assistant | 25 | 0 | स. काममा दक्ष | 900 | २८,२२५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय, काठमाडौंमा फागुन २६ गते (9 Mar. 2020) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | कामदार आफैले | बिमा हुने/ प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | कामदार आफैले | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | नि:शुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिषा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिन नियोगको सम्पर्क ठेगाना र फोन नं: हरू साथमा राख्नुहोला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सुचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रो साग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नुहोला । ६. काममा विदेश जादा नेपालकै विमानस्थल प्रयोग गर्नुहोला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नुहोला ।

**मास ह्युमन रिसोर्स प्रा. लि.**
श्रम इजाजत पत्र नं. १३८/०६७/०६८
टोखा-१०, मनोहर स्कुलको अपोजीट, लक्ष्मी आवास क्षेत्र, काठमाडौं, फोन: ४३५५७६५

## मलेसियामा रोजगार | कम्पनी : MIROAD RUBBER INDUSTRIES SDN BHD, शहर: JALAN

पूर्व स्वीकृत मितिः २०७६/११/१८ | चलानी नं.: ६०१५२७१६ | LT. No.: 233954

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब RM | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Factory Workers | 20 | 0 | स. काममा दक्ष | 1200 | ३२,७८५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय, काठमाडौंमा फागुन २६ गते (9 March 2020) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | बिमा हुने/ प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | रोजगार दाताले व्यहोर्ने | रु. ७००/- रोजगार दाताले | रु. १,५००/- रोजगार दाताले | नि:शुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिन नियोगको सम्पर्क ठेगाना र फोन नं: हरू साथमा राख्नुहोला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । २. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ३. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ४. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रो सँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नुहोला । ५. काममा विदेश जादा नेपालकै विमानस्थल प्रयोग गर्नुहोला, अन्यथा ठगिने सम्भावना हुन्छ । ६. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नुहोला ।

**संयोग ओभरसिज प्रा. लि.**
श्रम इजाजत पत्र नं. १७६/०६७/०६८
तिनकुने, काठमाडौं ,नेपाल,फोन: ४११२३९८, ४११२३९९, फ्याक्स:४११२३९९
Email: samyogoverseas@hotmail.com, Web: www.samyogoverseas.com

## कतारमा रोजगार | १. कम्पनी : BIN NISF BLOCKS FACTORY, शहर: DOHA

पूर्व स्वीकृत मितिः २०७६/११/१२ | चलानी नं.: ६०१५२२८९ | LT. No.: 233840 | पून विज्ञापन

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब QR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Driver | 1 | 0 | सम्बन्धित काममा दक्ष | 1400 | ४४,२९५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Mechanic | 1 | 0 | | 1500 | ४७,४६० | | | | | | | |

२. कम्पनी : CLADDING FOR ARCHITECTURAL FINISHING WLL | शहर: DOHA

पूर्व स्वीकृत मितिः २०७६/११/१३ | चलानी नं.: ६०१५२३७९ | LT. No.: 233860 | पून विज्ञापन

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब QR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Labour | 8 | 0 | सम्बन्धित काममा दक्ष | 900 | २८,४७५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Welder | 8 | 0 | | 1100 | ३४,८०५ | | | | | | | |
| 3. | Welding Techanician | 2 | 0 | | 1100 | ३४,८०५ | | | | | | | |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा फागुन २६ गते (9 Mar. 2020) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | कामदार आफैले | बिमा हुने/ प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | कामदार आफैले | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | रु. १०,०००/- कामदारले तिर्ने |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिन नियोगको सम्पर्क ठेगाना र फोन नं: हरू साथमा राख्नुहोला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रो साग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नुहोला । ६. काममा विदेश जादा नेपालकै विमानस्थल प्रयोग गर्नुहोला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नुहोला ।

**स्काई स्टार रिक्रुटमेन्ट प्रा. लि.**
श्रम इजाजत नं. १०७८/०७३/०७४
पो. ब. नं.: १९१२२, फोन नं.: ०१-४४८१०००, ४४९५०००, रातोपुल-९, काठमाडौं, नेपाल
Email: raza786md@yahoo.com, skystar1078@gmail.com, info@skystarrecruitment.com, website: wwwskystarrecruitment.com

## Malaysia मा रोजगार | Company : STEVEN DEVELOPMENT SENDIRIAN BERHAD, City: MALAYSIA

पुर्व स्वीकृत मिति: २०७६/१०/२७ | चलानी नं.: ६०१५१५०० | LT. No.: 232949 | पून विज्ञापन

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब RM | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Field Worker | 50 | 0 | स. काममा दक्ष | 1200 | ३२,७८५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | बिमा हुने/ प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | रोजगार दाताले व्यहोर्ने | रु. ७००/- रोजगार दाताले | रु. १,५००/- रोजगार दाताले | नि:शुल्क |

अन्तर्वार्ता मेनपावर कार्यालय, काठमाडौंमा फागुन २६ गते (9 March 2020) मा हुनेछ ।

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिन नियोगको सम्पर्क ठेगाना र फोन नं: हरू साथमा राख्नुहोला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । २. यस विज्ञापन (सुचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ३. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ४. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रो सँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफु साग राख्नुहोला । ५. काममा विदेश जादा नेपालकै विमानस्थल प्रयोग गर्नुहोला, अन्यथा ठगिने सम्भावना हुन्छ । ६. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरे वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नुहोला ।

**DOS LINK PVT. LTD.**
DOS Link
Govt .Lic No. 991/067/068
Samakhushi-29 Kathmandu, Tel : 4360929, 4360780, Fax: 4360780
Email-Doslink991@gmail.com Website-doslinkoverseas.com

## मलेशियामा रोजगारको अवसर | कम्पनी: MAHARAJ (IPOH) SDN BHD, शहर: SELANGOR

पूर्व स्वीकृत मितिः २०७६/११/१६ | चलानी नं.: ६०१५२६०८ | LT. No.: 233289

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब RM | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Chef | 1 | 0 | स. काममा दक्ष | 1200 | ३२,७८५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा फागुन २६ गते (9 March 2020) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | बिमा हुने/ प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | रोजगार दाताले व्यहोर्ने | रु. ७००/- रोजगार दाताले | रु. १,५००/- रोजगार दाताले | नि:शुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिन नियोगको सम्पर्क ठेगाना र फोन नं: हरू साथमा राख्नुहोला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । २. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ३. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ४. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रो साग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नुहोला । ५. काममा विदेश जादा नेपालकै विमानस्थल प्रयोग गर्नुहोला, अन्यथा ठगिने सम्भावना हुन्छ । ६. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नुहोला ।

**कान्तिपुर मेनपावर सर्भिस प्रा. लि.**
श्रम इजाजत नं. ५२३/०६१/०६२
पो.ब.नं.: ९०३३, सामाखुसी-२९, काठमाडौं, फोन नं.: ०१-४३८८८६६, ४३८८८०८, ४३६४३३८, ४३५७६३१, फ्याक्स: ४३८१११७ मो. ९८५१२८४४५३, ९८४३८८१४८९, डाईरेक्ट नं. ४३८५४९९
Email: info@kantipurmanpower.com, website: www.kantipurmanpower.com

## मलेशियामा रोजगार | कम्पनी : MARINA SOFA SDN BHD, PENANG

पुर्व स्वीकृत मितिः २०७६/११/१८ | चलानी नं.: ६०१५२७३२ | LT. No.: 234109

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब RM | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Production Workers | 10 | 0 | स. काममा दक्ष | 1200 | ३२,७८५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय, काठमाडौंमा फागुन २६ गते (9 March 2020) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | बिमा हुने/ प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | रु. ७००/- रोजगार दाताले | रु. १,५००/- रोजगार दाताले | नि:शुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिन नियोगको सम्पर्क ठेगाना र फोन नं: हरू साथमा राख्नुहोला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । २. यस विज्ञापन (सुचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ३. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ४. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रो साग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नुहोला । ५. काममा विदेश जादा नेपालकै विमानस्थल प्रयोग गर्नुहोला, अन्यथा ठगिने सम्भावना हुन्छ । ६. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नुहोला ।

**लाइफ ईन्टरनेशनल ओभरसिज प्रा. लि.**
श्रम इजाजत नं. ७६०/०६५/०६६
महाराजगञ्ज, काठमाडौं, फोन: ४४३९८५४, ४४३८१९८

## UAE मा रोजगार | कम्पनी : YORK INTERNATIONAL HOTEL, शहर: DUBAI

पूर्व स्वीकृत मितिः २०७६/११/१८ | चलानी नं.: ६०१५२७५८ | LT. No.: 234185

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब AED | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Waiter / Waitress | 10 | 30 | सम्बन्धित काममा दक्ष | 1200 | ३७,६३० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Cook | 5 | 0 | | 1500 | ४७,०४० | | | | | | | |
| 3. | Receptionist | 0 | 10 | | 1500 | ४७,०४० | | | | | | | |

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | कामदार आफैले | बिमा हुने/ प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | कामदार आफैले | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | नि:शुल्क |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा फागुन २६, २७, २८ र २९ गते (9, 10, 11 & 12 March. 2020) मा हुनेछ ।

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिन नियोगको सम्पर्क ठेगाना र फोन नं: हरू साथमा राख्नुहोला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रो साग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नुहोला । ६. काममा विदेश जादा नेपालकै विमानस्थल प्रयोग गर्नुहोला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नुहोला ।

**हिमारब ओभरसिज प्रा.लि.**
Gov. Lic. No. 314/059/060
पो.ब.नं. २५१०६ एयरपोर्ट (सूचना विभाग पछाडी) काठमाडौं, फोन : ०१- ४११२७६८, ४११२७७८, ९८५१०१३१९९, ९८१८४६७५४६
E-mail : overseashimarab@gmail.com, Web : www.himarab.com

# प्रयोगमै नआई संशोधनतिर प्रदेश लोकसेवा ऐन




**सुर्खेत/रासस–** प्रमाणीकरण भएको १० महिनापछि प्रदेश लोकसेवा आयोगसम्बन्धी ऐन संशोधन हुने भएको छ । कर्णाली प्रदेशसभाले गत जेठमा पारित गरी प्रदेश प्रमुखबाट प्रमाणीकरण भएको विधेयक केही त्रुटिपूर्ण प्रावधान हुँदा अन्ततः प्रयोगमै नआई पहिलोपटक संशोधन गर्न लागिएको हो ।

मुख्यमन्त्री तथा मन्त्रिपरिषद् कार्यालयको तर्फबाट आन्तरिक मामिला तथा कानून मन्त्रालयले यही फागुन २ गते 'प्रदेश लोकसेवा आयोग ऐनलाई पहिलो संशोधन गर्न बनेको विधेयक, २०७६' लाई प्रदेशसभा सचिवालयमा दर्ता गरेको थियो ।

ऐन त्रुटिपूर्ण हुँदा प्रमाणीकरण भए पनि प्रदेश राजपत्रमा प्रकाशित हुन सकेको थिएन । प्रदेश सरकारले गल्ती सच्याएर संशोधनसम्बन्धी प्रस्ताव दर्ता गरेको हो । आन्तरिक मामिला तथा कानून मन्त्रालयका प्रवक्ता तुलबहादुर खड्काले वाक्यांश तलमाथि पर्नुका साथै करारसम्बन्धी व्यवस्था राखिएकाले संशोधन गर्नुपरेको बताए ।

संशोधन प्रस्तावमा करारसम्बन्धी व्यवस्था हटाइएको छ । प्रदेश मामिला तथा विधायन समितिका सदस्य धर्मराज रेग्मीले ऐन त्रुटिपूर्ण हुनुमा सचिवालयको पनि कमजोरी रहेको बताउँदै भने, 'समग्रमा प्रदेशसभाकै कमजोरी होला, तर छलफलबाट पारित भएका विषयको आनुषङ्गिक मिलाउने, व्याकरण हेर्नेलगायतका काम सचिवालयका कर्मचारीकै हो, त्यसमा पर्याप्त ध्यान नपुग्दा संशोधन गर्नुपर्ने अवस्था सिर्जना भयो ।'

ऐनको परिच्छेद-५ मा विज्ञापन प्रकाशन गर्नेसम्बन्धी प्रावधानको दफा २० (२) त्रुटिपूर्ण छ । उपदफा २ मा 'दफा १८ बमोजिम पद सङ्ख्या निर्धारण भएपछि आयोगले खुला प्रतियोगिता तथा बढुवाद्वारा पदपूर्ति गर्न छुट्टाछुट्टै विज्ञापन प्रकाशन गर्नुपर्नेछ' भनी उल्लेख छ तर दफा १८ मा भने पद संख्या निर्धारणसम्बन्धी व्यवस्था छैन । दफा १८ मा पदपूर्तिको मागसम्बन्धी व्यवस्था गरिएको छ । प्रदेश निजामती सेवाको रिक्त पदपूर्तिको लागि सम्बन्धित निकायले आयोगले निर्धारण गरेबमोजिमको माग फाराममा सम्बन्धित सेवा, समूह, उपसमूह, श्रेणी वा तह, पदसंख्या, कार्यविवरण र न्यूनतम योग्यतासमेत उल्लेख गरी आयोगमा पठाउनुपर्नेछ । ऐनको दफा २० को उपदफा २ मा पदसंख्या निर्धारणसम्बन्धीको व्यवस्था गरिएको छ । उक्त उपदफामा उल्लिखित प्रावधान भने दफा १९ मा राखिएको छ ।

त्यस्तै दफा १९ मा दुई उपदफा छन् । पदसंख्या निर्धारणसम्बन्धीको व्यवस्थामा आयोगले प्रदेश निजामती सेवाको रिक्त पदपूर्ति गर्दा त्यस्तो सेवाको शर्तसम्बन्धी कानूनमा उल्लेख भएको प्रतिशतबमोजिम पद संख्या निर्धारण गरी खुला प्रतियोगिता वा बढुवाद्वारा गर्नुपर्नेछ । सोही दफाको उपदफा २ मा लेखिएको छ, 'प्रदेश सेवामा खुला प्रतियोगिता वा बढुवाद्वारा पदपूर्ति गर्दा लिइने परीक्षाको तरिका, परीक्षा दस्तुर, दरखास्त फारामको ढाँचा र परीक्षासम्बन्धी अन्य व्यवस्था आयोगले निर्धारण गरेबमोजिम हुनेछ ।' यी दुई वटा उपदफामा उल्लिखित प्रावधान दफा २० को उपदफा २ मा उल्लेख हुनुपर्ने हो । संशोधन प्रस्तावमा यिनै प्रावधानलाई सच्याइएको छ ।

आन्तरिक मामिला तथा कानून मन्त्रालयका प्रवक्ता खड्काले पारित भइसकेको ऐनका गल्ती सुधार्न संशोधन प्रक्रियामै जानुपर्ने भएकाले विधेयक प्रदेशसभामा पठाइएको बताए । आज (सोमबार) बस्ने प्रदेशसभा बैठकमा विधेयक टेबुल गर्ने कार्यसूची रहेको छ । लोकसेवासम्बन्धी ऐन त्रुटिपूर्ण हुँदा प्रदेश सरकारले लोकसेवा आयोग गठनसम्बन्धी प्रक्रिया अघि बढाएको थिएन । कानून मन्त्रालयले भने आयोग गठन गर्न विद्यमान ऐन बाधक नरहेको जनाएको छ ।

# पुस्तकमा गरिएको मूल्यवृद्धिको नेविसंघद्वारा विरोध



**काठमाडौं/मस–** नेपाली कांग्रेसको भ्रातृ संस्था नेपाल विद्यार्थी संघले पुस्तकमा लगाएको मूल्यवृद्धि फिर्ता लिन माग गर्दै देशभर विरोध गरेको छ । संघले पुस्तकमा लगाइएको १० प्रतिशत कर खारेज गनुपर्ने, इन्धनमा गरिएको मूल्यवृद्धि फिर्ता लिनुपर्ने, भ्रष्टाचारीलाई कानूनी कारवाही गर्नुपर्ने, स्वतन्त्र विद्यार्थी युनियनको निर्वाचन सुनिश्चितता गर्नुपर्नेलगायतका माग राखी आइतबार देशभर विरोध गरेको हो ।

नेविसंघले उपत्यकाका त्रिचन्द्र, नेपाल ल क्याम्पस, शंकरदेव, सरस्वती, पाटन, पशुपति, ग्रामीण आदर्शलगायतका क्याम्पस र देशभरका विभिन्न क्याम्पसअगाडि प्रदर्शन गरेको महामन्त्री दीपक भट्टराईले जानकारी दिए ।

महामन्त्री भट्टराईले वर्तमान सरकारले जनताको हितमा काम गर्न नसकेको उल्लेख गरे ।

# 'संविधानको सफल कार्यान्वयनबाट संघीयता स्थापित हुन्छ'



**काठमाडौं/मस–** संघीय मामिला तथा सामान्य प्रशासनमन्त्री हृदयेश त्रिपाठीले संविधानको सफल कार्यान्वयनबाट संघीयता स्थापित हुने बताएका छन् । शमी साहित्य प्रतिष्ठानद्वारा आइतबार काठमाडौंमा आयोजित अन्तरक्रिया तथा पुरस्कार वितरण कार्यक्रममा मन्त्री त्रिपाठीले नेपालको संविधान अन्य मुलुकका तुलनामा विशिष्ट र मौलिक भएकाले यसको कार्यान्वयनको विकल्प नभएको जनाए ।

उनले भने, 'नेपालको संविधान जनताका प्रतिनिधिले बनाएका हुन् । केन्द्र, प्रदेश र स्थानीय तहका आफ्नै अधिकार र समावेशिताका दृष्टिले यो मौलिक छ । हामी सबै यसको कार्यान्वयनमा लागौँ । संघीयताको भविष्यबारे चिन्ता नगरौँ । संविधानको कार्यान्वयन हुँदा सबै कुरा कार्यान्वयन हुन्छ ।'

कार्यक्रममा समाजशास्त्री डा डम्बर चेम्जोङले 'संघीयताको कार्यान्वयनमा बौद्धिक वर्गको भूमिका' विषयमा कार्यपत्र प्रस्तुत गर्दै विद्यमान संघीयता केन्द्रीयताकै अर्को रुप भएको जिकिर गरे । सो अवसरमा 'बादलभित्रको घाम नेपाली साहित्य पुरस्कार' दामोदार पुडासैनी 'किशोर' को कवितासंग्रह 'शहरविनाको शहर' र अम्बिका अर्यालको उपन्यास 'अविश्रान्त' कृतिलाई संयुक्तरुपमा दिइयो । पुरस्कारको राशि संयुक्त रु एक लाख ११ हजार १११ छ । पुरस्कारका लागि विसं २०७५ मा प्रकाशितमध्ये प्रतिष्ठानलाई प्राप्त ८४ कृतिमध्येबाट पहिले उत्कृष्ट पाँच छनोट गरी अन्तिममा दुई कृति पुरस्कृत गरिएको हो । स्तरीयता, मौलिकता, विधागतस्वरुप र राष्ट्रियता आदि आधारमा ती कृति छानिएको प्रतिष्ठानका अध्यक्ष प्रदीप नेपालले बताए ।

कार्यक्रममा उक्त पुस्तक खरीदकर्तामध्ये गोलाप्रथाबाट पुस्तक क्रमसंख्यामध्ये ११ हजार २१ र नौ हजार ३५९ ले रु २५ हजार राशिको 'बादलभित्रको घाम पाठक पुरस्कार' पाउने घोषणा गरियो । प्रतिष्ठानका संरक्षक एवं निबन्धकार डोलिन्द्रप्रसाद शर्माको निबन्धसंग्रह 'बादलभित्रको घाम' पुस्तकको बिक्रीबाट प्राप्त रकम अक्षयकोषमा राखी यसै वर्षदेखि उक्त पुरस्कार स्थापना गरिएको हो । पुडासैनीको कृतिमा मधेश-तराई गाथा र अर्यालको कृतिमा नारीवादी आत्मिक प्रेम वर्णन भएको जनाइएको छ । 'बादलभित्रको घाम' पहिलो संस्करणमै १३ हजारप्रति र पुनःमुद्रण गरी कूल २५ हजारप्रति प्रकाशन भएको जिकिर गरिएको छ । पुरस्कारको अक्षयकोषमा रु ५० लाखसम्म जम्मा गर्ने लक्ष्यानुसार हालसम्म सो पुस्तक बिक्रीबाट रु १७ लाख हस्तान्तरण गरिएको प्रतिष्ठानले जनाएको छ ।


## साउदीमा रोजगार | कम्पनी: FALAK ALJAZEERA CONTRACTING CO शहर: SAUDI

पूर्व स्वीकृत मिति: २०७६/११/१८ चलानी नं.: ६०१५२७१५ LT. No.: 233655

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | General Road Equipment Driver | 19 | 0 | सम्बन्धित काममा दक्ष | 2500 | ७६,७७५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Truck Driver | 2 | 0 | | 1800 | ५५,२८० | | | | | | | |

अन्तर्वार्ता मेनपावर कार्यालय, काठमाडौंमा फागुन२६, २७, २८, २९ र ३० गते (9, 10, 11, 12 & 13 Mar. 2020) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | कामदार आफैले | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | कामदार आफैले | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | रु. १०,०००/- कामदारले तिर्ने |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिन नियोगको सम्पर्क ठेगाना र फोन नं: हरू साथमा राख्नुहोला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सुचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रो साग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफु सँग राख्नुहोला । ६. काममा विदेश जादा नेपालकै विमानस्थल प्रयोग गर्नुहोला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नुहोला ।

**कान्तिपुर मेनपावर सर्भिस प्रा. लि.**
श्रम इजाजत नं. ५२३/०६१/०६२
पो.ब.नं.: ९०३३, सामाखुसी-२९, काठमाडौं, फोन नं.: ०१-४३८८८६६, ४३८८८०८, ४३६४३३८, ४३५७६३१, फ्याक्स: ४३८१११७ मो. ९८५१२८४४५३, ९८४३८८१४८९, डाईरेक्ट नं. ४३८५४९९
Email: info@kantipurmanpower.com, website: www.kantipurmanpower.com



## कतारमा रोजगारको अवसर | १. कम्पनी : INTEGRAL FACILITY MANAGEMENT INTERNATIONAL शहर: QATAR

पुर्व स्वीकृत मिति: २०७५/१२/११ पुन स्वीकृत मिति: २०७६/११/१६ चलानी नं.: ६०१३८४८० पुन चलानी नं.: ८३७ LT. No.: 218744

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब QR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Laborer | 60 | 0 | सम्बन्धित काममा दक्ष | 900 | २८,४७५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Driver | 1 | 0 | | 1900 | ६०,११५ | | | | | | | |
| 3. | General Cleaning Worker | 49 | 0 | | 900 | २८,४७५ | | | | | | | |
| 4. | Porter | 10 | 0 | | 900 | २८,४७५ | | | | | | | |

अन्तर्वार्ता होटल मलहिन इन, दाङमा चैत २ गते (15 Mar. 2020) मा होटल मरियन, बुटवल, रूपन्देहीमा चैत ३ गते (16 Mar. 2020) मा मेनपावर कार्यालय काठमाडौंमा चैत ४ र ६ गते (17 & 19 Mar. 2020) मा मनशान्त होटल, इटहरी, सुनसरीमा चैत ५ गते (18 Mar. 2020) मा हुनेछ ।

२. कम्पनी : PARK HYATT DOHA शहर: QATAR
पुर्व स्वीकृत मिति: २०७६/११/१८ चलानी नं.: ६०१५२७६६ LT. No.: 234114

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब QR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | waiter | 3 | 1 | स. काममा दक्ष | 1500 | ४७,४६० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

३. कम्पनी : AL SANABEL AL THAHABIAH SWEETS BAKERY शहर: QATAR
पुर्व स्वीकृत मिति: २०७६/११/१८ चलानी नं.: ६०१५२७६५ LT. No.: 234293

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब QR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Pastries And Pies Maker | 3 | 0 | स. काममा दक्ष | 1500 | ४७,४६० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

